

# बैशाख पूर्णिमा र गुरूङ बुद्धिजम

● एकेन्द्र गुरूङ, बेलायत

तमु (गुरूङ)हरू ल्होछार, माघे सक्रान्ति, फागू पूर्णिमा ट्होटें (ट्होंत्हे) बैशाख पूर्णिमा (बैशाख पूर्णे) प्रोवाव, श्रावण सक्रान्ति, दर्शै फुलपाती खेमा थेंवा, गैडु पूजा, तिहार आदी चाडपर्वहरू मनाउछन् । यी चाडपर्वहरू सबै ठाउँमा एकै नासले मनाउदैनन् । कतै त्होंल्हे प्राथमिकताको साथ मनाउछन् भने, कतै बैशाख पूर्णिमा प्राथमिकताको साथ मनाउछन् । बैशाख पूर्णिमालाई बैशाख पूर्णे र चण्डी पूर्णे पनि भन्छन् । यो चाड गुरूङ गाउँ बस्तीमा धुमधामले मनाउछन् । बैशाख पूर्णिमाको दिनमा नै बुद्ध भगवानको जन्मदिन, बुद्धत्व प्राप्त गर्नु भएको दिन, साथै महापरिनिर्वाण भएको दिन एकै दिनमा पर्नाले पनि यसलाई विशेष महत्वको साथ लिने गर्दछ । बैशाख पूर्णिमा भन्ने बित्तिकै भगवान बुद्धको जन्म जयन्ती भन्ने सम्झेर वडो हर्षोल्लासको साथ मनाईन्छ । बुद्ध जयन्तीको दिनमा भगवान बुद्धको पूजा आरधना गरेर धर्मगुरूहरूबाट सुख, शान्ति र संवृद्धिको अभिशेष ग्रहण गरिन्छ । बौद्ध दर्शन मानवीय परमसत्य र करूणामा आधारित तार्किक र बैज्ञानिक मानिन्छ । बुद्धत्व दुख निवारण गर्ने सामाजिक बिज्ञान हो । हिंसा नगर्ने, व्यभिचार (परस्त्री गमन) नगर्ने, झुटो नबोल्ने, मद्यपान नगर्ने, पञ्चशीलको अवधारणा मानव जातिको लागि मुख्य बैचारिक देन हो ।

गुरूङ समुदायमा प्रचलित अहिलेको परम्परा, संस्कार र संस्कृति क्होंला सोंथर (क्होंल सोप्रे



ट्होंं) मा बिकसित भएको र चोगी (म्हिग्रे चोग) मिलेर यो परम्परा बसालेका हुन्। पुरोहित पच्यु, घ्याव्रेले आफ्नो प्ये (शास्त्र) र ल्हु संस्कृतिमा नभएका कुरा लामाबाट र लामाले पच्यु र घ्याव्रेबाट तमू छ्या (कर्मकाण्ड) सिकेका थिए। यसरी तमू लामाहरूले तिब्बति लामा बौद्ध धर्मलाई तमू परम्परा र संस्कृतिमा ढालेर त्यसलाई तमू करण गरेका थिए।

बैशाख पूर्णिमाको दिनमा गुरूङ नालमा गुरूङहरूले बुद्ध जयन्तीकै रूपमा मात्रै नभएर बैशाख पूर्णे (चण्डी पूर्णे) भनेर दशैं, तिहार र ल्होछार भन्दा, पनि विशेष महत्वको साथ मनाउछन्। अहिले धेरै जसो गुरूङ सुविधाको खोजीमा शहर बजारमा बसाई सरेकोले पहिलेभन्दा समय परिस्थिति बदलिएकोले हामीले यसलाई राम्रोसंग बुझ्न अलि अगाडीको समयतिर फर्कनु पर्छ। पहिले गुरूङहरू नयाँ कपडा लगाउन, मिठो खाना खान, ईष्टमित्र भेटघाट गर्ने दशैं झैं बैशाख पूर्णेलाई सम्झन्थे। लाहुर गएको छोरा बैशाख पूर्णे मान्न छुट्टी मिलाएर घर आउथे। पोखरा र बन्दिपुरबाट नेवार साहुहरू कपडाको दोकान लिएर गाउँ गाउँमा आउथे। कपडा सिलाउने दमाई बालीघरे हुन्थे। दमाईलाई भ्याई नभ्याई हुन्थ्यो। छिटो र राम्रो कपडा सिलाउन छिमेकी गाउँहरूबाट दमाई पनि आउथे। त्यसैले गाउँमा बैशाख पूर्णेको रौनकताले छ्याप्प ढाक्थे। यो पर्व चार पाँच दिनसम्म धुमधामले मनाइन्थ्यो। यो पर्व घाटु नचाएर मनाईन्छ। घाटु भनेको अङ्ग चालनद्धारा अभिनय गरिने एक ऐतिहासिक नृत्य नाटक हो। यसका गीतहरू लौकिक छन्दमा लयवद्ध हुन्छ। पश्रामु राजा र यम्पावती रानी यस नृत्य नाटिकाको नायक र नायिका हुन्। यो नृत्य श्रीपंचमीबाट शुरू हुन्छ र बैशाख पूर्णिमामा समापन हुन्छ। बैशाख पूर्णिमामा घाटु गाउँको जिम्मुवाल अर्थात गाउँको भलादमीहरूसंग दर्ता भएको रोंधीको रोस्योहरूले मात्र नचाउन पाउँछन्। घाटु नचाउनलाई बैशाख पूर्णे अगावैदेखि विशेष तयारी गर्नुपर्छ। गाउँको (म्हिग्रे चोग) भलाद्मी, घाटु गुरूवा, (परैफ्रेमै) दामली युवाहरूले बैशाख पूर्णिमामा लगाउँनु पर्ने कपडा रोंस्योहरूले धोईदिनु पर्छ। दुई तीन दिन अघिदेखिनै रोटी पकाउने, घाटुनीहरूले लगाउँने कपडा र सामग्री तयार गर्ने, शिरमा लगाउँने मुकुटको लागि लावा जुटाउने गर्नु पर्छ। यो नृत्य कतै पूर्णेको दिनमा समापन गर्छन भने कतै पूर्णेको दिनमा शुरू गरेर ३ दिन पछि समापन गर्छन्। यसलाई घाटु सेलाएको भनिन्छ। घाटु सबैलाई पायक पर्ने ठाउ गाउँको बीचमा नचाउछन्। घाटु नचाउनलाई विशेष प्रकारका मञ्च बनाईन्छ। त्यो मञ्चलाई "दरती" भनिन्छ। यसको निर्माण गर्दा घाटु संचालन गर्ने रोधींको रोस्योहरूको दौतरी (मैमै) युवाहरूको महत्वपूर्ण भुमिका हुन्छ। घाटु तिन दिनसम्म नाचिन्छ। घाटु हेर्न छोरी, ज्वाइ, भान्जा, भान्जी, ईष्टमित्रहरू आएका हुन्छन्। घाटु तिन दिन पश्चात समापन गरिन्छ। घाटु समापन (बिसर्जन) गर्ने ठाउलाई चण्डी भनिन्छ।

घाटु नृत्य शुरू गरेर समापन नगरिञ्जेलसम्म घाटुमा गीत गाउँने गुरूवा, घाटुनी र रोस्योहरूले खाना खान हुदैन। चिया, पानी र फलफूल मात्रै खाने चलन छ। घाटु नर्तकीहरूलाई गुरूले गीतको लय र शब्द उच्चारण गर्ने बित्तिकै देवता चढ्छन्। देवता चढेपछि घाटुनीहरूको आँखा बन्द हुन्छ। यसरी गीतको उठानसंगै आँखा बन्द हुन्छ

र गीतको बैठान अथवा समापन भएपछि आँखा खुल्छ। यो दृश्य अत्यन्त रोचक र अनौठो हुन्छ। यसलाई दैविक शक्तिको रूपमा पनि लिईन्छ। बैशाख पूर्णेको कार्यक्रममा पञ्चेबाजाको टोली शुरूको दिनदेखि अन्तिम दिनसम्म बजाई रहन्छन्। कहिले पञ्चेबाजा टोली एकभन्दा धेरै पनि हुन्छन्। कार्यक्रम व्यवस्थित बनाउन गाउँको प्रत्येक घरधुरीबाट धान, चामल उठाउछन्। आजकल चामलको हिसावमा रूपिया उठाउने गरेको पाईन्छ। घाटु पहिले रोंधीको रोस्योहरूले संचालन गर्थे। रोंधी लोप भैसकेकोले अहिले युवा क्लव र आमा समूहले संचालन गरिरहेको छन्। पहिले घाटुसंगसंगै रोंधीको रोस्योहरूको नाचहरू प्रदर्शन गरिन्थ्यो अहिले युवा क्लवको युवाहरूको सांस्कृतिक कार्यक्रमहरू प्रस्तुत गरिन्छ। घाटुको रौनकताले गुरूङ गाउँमा बैशाख पूर्णिमाको माहोल नै विशेष प्रकारको हुन्छ।

दिवंगत आत्माको चीरशान्तिको लागि गरिने पितृकार्यलाई गुरूङ भाषामा "पये" अर्घु भनिन्छ। "पये" अर्घु गरिसकेको मृतकको नाम पितृहरूसँग लेखिन्छ र पितृसँग समाहित भयो भन्ने विश्वास गरिन्छ। तर, अर्घु गरिसकेर पनि केहि मृतक पितृलोकमा पितृ नभई पुन परिवारलाई दुख दिने अवस्थामा रहेर पुन परिवारलाई थप दुख नदियोस भनेर वहाँहरूलाई खुशीको लागि पूजा गरिन्छ। यसप्रकारको पूजालाई वायु पूजा भनिन्छ। वायु पूजा बैशाख पूर्णेकै दिनमा गरिन्छ। पछि अर्घु "पय" गर्दा पच्यु, घ्यात्रे अथवा लामाहरूबाट विधि विधान अनुसार यसलाई खुशी बनाएर उडाएपछि पूजा गर्न पर्दैन। बैशाख पूर्णेको दिनमा आफ्ना गाउँको स्थानीय स्तरमा रहेको स्युमे भुमे (देवी देवता)को पनि पूजा हुन्छ। ठाउ र परिस्थिति हेरि बोका, भाले, परेवा र हाँस चढाएर पूजा गर्छन्। आजकल बुद्ध जयन्तीको दिनमा हिंसा गर्नु नराम्रो सम्झेर पूर्णिमाको अघि वा पछिको दिनहरूमा यस्तो पूजा गर्ने गरिन्छ। गाउँलेले गर्ने सामुहिक पूजा पनि बैशाख पूर्णेमाकै दिनमा गर्छन्। विशेष गरि शिल्दोनाल्दो, गाउँको कोट, देवी देवताको पूजा सबै बैशाख पूर्णेकै दिनमा गरिन्छ। कुनै कुनै गाउँमा रीती थितीको समिक्षा सभा बस्ने चलन पनि छ। यसैले बैशाख पूर्णे अरू चाड भन्दा विशेष महत्वको साथ लिएको हुनु पर्छ।

सन् १९५९मा दलाई लामा भारतमा निर्वासन आउदा, वहाँसंगै आएका केहि तिब्बतीयन लामा गुरूहरू नेपाल प्रवेश भएको थियो। तिनै गुरूहरूको प्रभावमा परेर नेपालको लामा गुरूहरूले क्होंलासोंथरमा प्रतिपादित सभ्यता र परम्परा भन्दा फरक परम्परा संस्कार संस्कृतिको अवलम्बन गरिरहेका छन्। गुरूङ परम्परामा पितृकार्य गर्दा, आस्यों (मावली), माईती, छोरी, चेली, ज्वाइ र त्ह भाइखलकको सहभागिता अनिवार्य हुनुपर्छ। त्यसरी नै पितृ कार्य "पय" अर्घुमा "अलँ" झण्डा (निशान) प्लह (ढुकुरो) बनाउने परम्परा छ। हालका लामागुरूहरूले कर्मकाण्ड गर्दा, यसप्रकारको परम्परा केहि गर्नु पर्दैन। भगवानको नाममा पूजा गरेर मृतात्मालाई भगवानसंग लीन गराए पछि पुग्छ भनेर गुरूङहरूको संस्कार संस्कृति अवलम्बन नगरि तिब्बति संस्कृतितिर ढल्केको हो कि भन्ने आभास भएको छ। त्यसैले गुरूङ संस्कार संस्कृतिको काठमाडौंको अध्येताहरूले क्होलासोंथर (क्होंला सोप्रे ट्हों)मा बिकसित भएको गुरूङ संस्कार संस्कृतिलाई संरक्षण गर्दै,



आधुनिक समयको मागलाई पछ्याउदै गुरूङ बुद्धिजमको सुरूवात भएको हो ।

बास्तवमा, गुरूङ बुद्धिजम बुद्ध धर्मको समानन्तर धर्म होइन । गुरूङको संस्कार र संस्कृति अनुसार लामाहरूबाट गर्ने कर्मकाण्डलाई गुरूङ बुद्धिजम भनिन्छ। क्होंलासोंथरमा भएको सद्भाव र सहिष्णुता कायम राख्दै, गुरूङ परम्परालाई संरक्षण गर्ने अभ्यास मात्र हो । किनभने दर्शन र संस्कार अलग अलग विषय हो । त्यसैले हामीहरूले के बुझ्नु पर्छ भने, दर्शन भनेको बुद्धको हो र संस्कार भनेको गुरूङ समुदायको हो । त्यसैले, गुरूङको मौलिक संस्कारमा बुद्धदर्शन मिसाए पछि, गुरूङ बुद्धिजम हुन्छ । यसबाट बौद्धदर्शनलाई समाजमा जीवन्त र समय सापेक्ष बनाउन सकिन्छ । समय र परिस्थिति अनुसार आर्थिक अवस्थालाई पनि ध्यानमा राखेर सरल र सुलभ कायम गर्न सकिन्छ। शान्तिका अग्रदुत भगवान बुद्धले प्रतिपादन गरेको बौद्ध धर्म र शिक्षालाई सरलीकृत बनाई गुरूङ समुदायलाई पञ्चशीलमा आधारित, मध्यमार्गी बौद्ध दर्शन गराउन, लामा बौद्धमार्गीहरू गुरूङहरू संगठित गर्न, शान्तिका अग्रदुत भगवान बुद्धबाट प्रतिपादित दर्शन र ज्ञान विश्वभर फैलाई विश्वशान्ति स्थापना गर्न गुरूङ बुद्धिजम प्रभावकारी हुनेमा दुइमत छैन ।

अन्तमा, २५७०औं बुद्धजयन्तीको पावन अवसरमा देश बिदेशमा रहनु भएका सम्पूर्ण दानुभाइ तथा दिदीबहिनीहरूमा सुस्वास्थ, सुख, शान्ति, उन्नति, प्रगति, समृद्धि र दीर्घायुको लागि हार्दिक मंगलमय शुभकामना ! भवतु सर्वमंगलम् ।

(लमजुङ ख्होलासौंथर गाउँ पालिका पसगाउँ ६, हाल बेलायत निवासी श्री एकेन्द्र गुरूङ, पूर्वप्रअ, गीतकार, साहित्यकार, चलचित्रकर्मी, लमजुङ समाज हङकङको पूर्व अध्यक्ष, तमू ट्हौं ह्युल हङकङको पूर्व अध्यक्ष, गुरूङ साहित्यिक मञ्चको प्रमुख सल्लाहकार, तमूधीं युकेको ट्रष्टी, तमू ह्युल छौंजधीं गुरूङ राष्ट्रिय परिषदको प्रवास सल्लाहकार एवं सामाजिक अभियन्ता हुन् ।)

tamueken@hotmail.com



# बुद्ध धर्मको वर्तमान अवस्था र यसको महत्व

• भिम पच्यु गुरूङ

विश्व इतिहासमा शन्ति, करूणा र अशिंसाको सन्देश फैलाउने महान ब्यक्तिको रूपमा भगवान बुद्धको स्थान अत्यन्त उच्च छ। बुद्धजयन्ती केवल एक धार्मिक पर्व मात्र नभई मानव सभ्यतालाई सही अर्थमा डोराउने प्रेरणाको स्रोत पनि हो। आजको आधुनिक युगमा जहाँ मानिसहरू बिभिन्न किसिमका तनाव, द्वन्द्व र असन्तुलनमा बाँचेका छन्। बुद्धका शिक्षाहरू झन सान्दर्भिक र आवश्यकता बनेको छ।

बुद्ध धर्मको संस्थापक भगवान गौतम बुद्ध हुन्। जसले मानव जीवनका दुःख र तिनका कारणहरूको गहिरो अध्ययन गरी समाधानका उपायहरू प्रस्तुत गर्नु भयो। जसमा चार आर्यसत्य, पञ्चशील र अष्टमार्ग मुख्य हुन्। यसले मानिसलाई दुःखबाट मुक्त गराएर निर्वाण प्राप्त गर्ने बाटो देखाउछ।

आज बुद्ध धर्म विश्वका धेरै देशहरूमा फैलिएका छन्। जसमा नेपाल, भारत, भूटान, श्रीलंका, थाइलैण्ड, म्यानमार, भेतनाम, लावस, कम्बोडिया, जापान, साउथ कोरिया, हङकङ, चीन, मंगोलिया आदि हुन्। नेपाल, जहाँ भगवान बुद्धको जन्म भएको हो, बुद्ध धर्म, संस्कृति र अध्यात्मिक जीवनको महत्वपूर्ण अंग बनेको छ।

तर, आधुनिकताको प्रभावले मानिसहरू भौतिक सुख सुबिधातर्फ बढी आकर्षित भैरहेका छन्। यसले गर्दा, बुद्धका मौलिक शिक्षाहरू– त्याग, संयम र सन्तुलन ओझेलमा पर्न थालेका छन्। यद्यापि, पछिल्लो समय ध्यान Meditation & Mindfulness प्रति बढदो रूचिले, बुद्ध धर्मप्रति आकर्षण भएको देखिन्छ।

नेपालका आदिवासी जनजातिमध्ये गुरूङ समुदायले बौद्ध धर्मसँग गहिरो सम्बन्ध राख्दछ। यस समुदायमा बौद्ध परम्परा, प्राकृतिक पूजा र पूर्वजप्रतिको सम्मान एक आपासमा मिसिएको पाइन्छ। बास्तवमा गुरूङ धर्म एक प्रकारको मिश्रित (Syncretic) धार्मिक प्रणाली हो। जसमा बौद्ध धर्मसंगै प्राचीन शमनवाद र स्थानीय बिश्वासहरू पनि समावेश छन्।

एउटा सिक्काको दुइ पाटा भए जस्तै– त्यस मध्ये कुनै एक पाटा नभएमा, त्यो सिक्का पूर्ण हुदैन। त्यसको मुल्य र मान्यता पनि हुदैन। ठिकै त्यसैगरी, गुरूङ बौद्ध समुदायको लागि बौद्ध धर्म र गुरूङको मौलिक परम्परा, संस्कार र संस्कृतिहरू एक आपासमा गहिरोसँग जोडिएका हुन्छन्। यी दुइ पक्षहरूलाई अलग गर्न सकिदैन। यो नङ र मासु जस्तै सम्बन्धमा रहेका हुन्छन्।

गुरूङ समुदायमा 'लामा' धर्मगुरूको महत्वपूर्ण भूमिका हुन्छ। लामाले जन्म, क्षेवर, बिबाह र मृत्यु लगायतका संस्कारहरू सञ्चालन गर्छन। बौद्ध दर्शनलाई व्यावहारिक जीवनसँग जोड्ने काम गर्छन्। यसका साथै गुरूङ समुदायमा हिमाली बौद्ध परम्पराको प्रभाव पनि देखिन्छ। यससंगै बज्रयान बौद्ध परम्पराका धर्मगुरू लामा जस्ता परम्परागत पुजारीहरूले स्थानीय देवी देवता, आत्मा र प्राकृतिसंग सम्बन्धित पूजापाठ गर्छन्।

गुरूङ समुदायमा बौद्ध धर्म केवल शास्त्रीय अभ्यासमा मात्र सिमित छैन। यो उनीहरूको दैनिक जीवनशैली र संस्कृतिसँग पनि गहिरो रूपमा गाँसिएको छ। जीवनको प्रत्येक संस्कार, जस्तै– जन्म, न्वारन, क्षेवर, बिबाह, र मृत्युमा पनि बौद्ध शिक्षासंगै आफ्नो मौलिक परम्पराहरू पनि समेटिएका हुन्छन् ।

बुद्धको शिक्षाहरूमा अहिंसा, करूणा, मैत्री र मध्यमार्ग ब्यबहरिक रूपमा अपनाइएको पाइन्छ। पञ्चशील जस्ता नैतिक नियमहरूले पनि समुदायलाई सही मार्गमा हिँड्ने प्रेरणा दिन्छन् ।

गुरूङ समाजमा धर्म र संस्कृति एक अर्कोबाट अलग छैन। प्रकृति, पूर्वज र समुदाय प्रतिको सम्मान उनीहरूको धार्मिक जीवनको मुख्य आधार हो। उनीहरू आफ्नो वरिपरीको जंगल, नदी, पहाड आदिलाई पवित्र मान्दछन्। त्यसैको सन्तुलनमा जीवन यापन गर्ने बिश्वास राख्छन् ।

बौद्ध धर्मको एक महत्वपूर्ण बिशेषता भनेको यसको लचकता र सहिष्णुता हो। यसले बिभिन्न जाति, भाषा र संस्कृतिलाई सम्मान गर्दै तिनीहरूको संरक्षणमा सहयोग पुराउछ। यही कारणले, गुरूङ समुदायले आफ्नो मौलिक पहिचान जोगाउदै बौद्ध धर्मलाई सफलता पूर्वक आत्मसाथ गरेका छन् ।

गुरूङ समुदायमा यो बुद्धजयन्ती अत्यन्तै महत्वपूर्ण पर्वको रूपमा मानिन्छ। यस दिन शान्ति, करूणा र सद्भावको सन्देश फैलाउने उद्देश्यले पूजापाठ, प्रार्थना, दान, तथा सामुहिक कार्यक्रमहरू आयोजना गरिन्छ। यस अवसरमा परिवार र समुदाय एकसाथ भेला भएर बुद्धका शिक्षाहरू सम्भिन्छन्। आफ्नो परम्परागत भेषभूषा तथा खानपानलाई पनि बिशेष महत्व दिन्छन् ।

*बुद्ध धर्मको महत्वलाई संक्षेपमा भन्नुपर्दा,*

१. बुद्ध धर्मले सबै प्राणीहरू प्रति दया र करूणा राख्न सिकाउँछ। हिंसा र द्धेषको साट्टामा सहिष्णुता र प्रेमको मार्ग अपनाउन प्रेरित गर्छ।
२. आजको ब्यस्त जीवनशैलीमा मानिसहरू तनाव र चिन्ताले ग्रस्त छन्। बुद्धको ध्यान र माइन्ड- फुलनेसका अभ्यासहरूले मानसिक शान्ति र सन्तुलन कायम गर्न मद्दत गर्छन् ।
३. बुद्ध धर्म जात, बर्ग, वा लिंगको आधारमा भेदभाव नगर्ने शिक्षा आजको समाजमा अत्यन्त आवश्यक रहकेको छ। यसले समानता र सह-अस्तित्वलाई प्रोत्सहन गर्छ।
४. बुद्ध धर्मले सत्य बोल्ने, चोरी नगर्ने र अहिंसा जस्ता नैतिक मुल्यहरूमा जोड दिन्छ। जसले व्यक्तिगत चिरित्र निर्माणमा महत्वपूर्ण भूमिका खेल्छ।

बुद्ध धर्म केवल धार्मिक आस्था मात्र नभई जीवन जिउने कला पनि हो। यसको शिक्षाले मानिसलाई सही मार्गमा हिड्न, आत्म शुद्धि गर्न र समाजमा सकारात्मक परिवर्तन ल्याउन प्रेरित गर्छ। आजको युगमा बुद्धका शिक्षाहरूलाई ब्यबहारमा उतार्न सकियो भने, व्यक्तिगत र सामाजिक दुबै स्तरमा शान्ति र सद्भाव कायम गर्न सकिन्छ।

अन्तमा, २५७० औँ बुद्धजयन्तीको पावन अवसरमा सम्पूर्ण मानव समुदायमा शान्ति, करूणा, सहिष्णुता र सद्भावको भावना फैलियोस् भन्ने हार्दिक कामना गर्दछु। सबैमा सुख, शान्ति र समृद्धिको कामना !

(अमेरिकाको पेन्सिलभेनिया इरी निवासी श्री भिम पच्यु गुरूङ, Palyul Choekhor Ling Buddhist Center Erie PA को अध्यक्ष, (UGBOA) युनाइटेड गुरूङ बुद्धिस्ट ओर्गनाइजेशन अफ अमेरिकाको अध्यक्ष, लेखक, स्वतन्त्र ब्यबसायिक तथा सामाजिक अभियन्ता हुन् )
bhimgurungerie@gmail.com
https://www.palyulerie.org

# शुभकामना !

Buddhism Digital Library (BDL) Inc, USA ले २५७०औं बुद्धजयन्तीको पावन अवसरमा "बुद्ध जयन्ती डिजिटल उपहार पूर्णाङ्क" (१) प्रकाशन गर्ने तयारी गर्दै गरेको खबर सुन्न पाउदा, खुसी लाग्यो। यो पुण्य कार्यको लागि शुभकामना !

भगवान गौतम बुद्धको अनुपम शिक्षाहरूमा– करूणा, मैत्री, सहिष्णुता तथा शान्तिको सन्देशलाई समय अनुकुल डिजिटल प्रबिधि मार्फत विश्वब्यापी रूपमा प्रचार प्रसार गर्ने, यो प्रयास अत्यन्तै प्रशंसनिय, अनुकरणीय तथा समय सापेक्ष रहेको छ। यसले मानव समाजलाई सकारात्मक सौंच, उच्च नैतिक मुल्य तथा सह-अस्तित्वको मार्गतर्फ उन्मुख गराउने विश्वास ब्यक्त गर्दछु।

बर्तमान विश्व परिवेशमा बढदो द्धन्द्ध, असहिष्णुता तथा स्वार्थका कारण उत्पन्न अशान्तिका बीच, यस्ता प्रकाशनहरूले विश्व मानव समुदायबीच आपासी समभदारी, सदभाव, सहिष्णुता तथा शान्ति स्थापनामा महत्वपूर्ण योगदान पुराउने छन् भन्नेमा, म पूर्ण रूपमा विश्वास्त छु। यस ऐतिहासिक प्रकाशनको पूर्ण सफलताको हार्दिक कामना गर्दै, आगामी दिनहरूमा पनि यस्ता सृजानात्मक तथा समाज रूपान्तरणमुखी कार्यहरू निरन्तर अगाडि बढून भन्ने शुभेच्छ ब्यक्त गर्न चाहन्छु।

आजको दिन भगवान सिद्धार्थ गौतम बुद्धको जन्म, बोधिलाभ तथा महापरिनिर्वाण एकै दिनमा अर्थात बैशाख पूर्णिमा कै दिनमा भएको हुनाले यो दिनलाई विशेष पर्वको रूपमा मनाइन्छ।

अन्तमा, २५७०औं बुद्धजयन्तीको पावन अवसरमा देश बिदेशमा रहनु भएका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुस्वास्थ, सुख, शान्ति, उन्नति, प्रगति, समृद्धि तथा दीर्घायूको लागि हार्दिक मंगलमय शुभकामना !



**टेक गुरूङ**

**संस्थापक, एकीकृत नेपालीज डेमोक्रेटिक फन्ट**

**अध्यक्ष, प्रवासी नेपाली एकता मञ्च**

**सल्लाहकार, गुरूङ (तमू) सोसाइटी, FIPNA, कास्की समाज**

BOSTON TAMU SAMAAJ
est. 2003
A registered 501(c)(3) non-profit organization

April 11, 2026

D.B Gurung
Founder
Buddha Digital Library (BDL) Inc., USA

**Subject: Best Wishes on the Occasion of Buddha Jayanti and Digital Souvenir Publication**

Dear D.B Gurung Jiu,

We extend our sincere gratitude for your message. We are delighted to learn about the preparations underway for the publication of the "2570th Buddha Jayanti Digital Souvenir." Such initiatives through digital platforms play a significant role in promoting our language, culture, and community activities to a wider audience.

On the auspicious occasion of the upcoming Buddha Jayanti, we would like to convey our heartfelt best wishes to you and the entire community on behalf of the Boston Tamu Samaaj. May this sacred occasion inspire us all to follow the path of peace, compassion, wisdom, and harmony as taught by Lord Buddha. May it bring happiness, good health, and prosperity to all, and foster kindness, understanding, and unity within our communities.

May the teachings of Lord Buddha continue to guide us toward a more peaceful, inclusive, and compassionate society. We hope this special occasion further strengthens the spirit of harmony and togetherness among all.

Wishing you a joyful, peaceful, and meaningful Buddha Jayanti celebration.

Yours sincerely,
Kala (Arati) Gurung
President
Boston Tamu Samaaj


# हार्दिक शुभकामना !

बुद्धिजम डिजिटल लाइब्रेरीले पाली भाषामा रहेको त्रिपिटकलाई नेपाली भाषामा सरल अनुबाद, प्रकाशन, प्रबर्द्धन र बितरण गर्दै आएको छ। यो अत्यन्तै सह्रनीय काम छ। यसबाट नेपालीहरूले सरल भाषामा बुद्धबचन त्रिपिटकलाई बुझ्ने अवसर पाउने छन्। यसका साथै अनलाइनमा पनि हेर्न सक्नु हुने छ। www.buddhismlibrary.org फुर्सद मिलाएर कुनै पनि समयमा हेर्न सक्नु हुन्छ।

बौद्धमार्गीहरूको लागि यो बुद्धजयन्ती अत्यन्तै पवित्र दिन हो। यसलाई संसार भरीका बिभिन्न देशहरूमा आ-आफ्नै मौलिक संस्कार अनुसार बिशेष पर्वको रूपमा मनाउने गर्दछन्। यो दिनले हामीलाई भगवान बुद्धले देखाउनु भएको अहिंसा, करूणा, प्रेम, मैत्री, समता, धैर्य र प्रज्ञाको मार्गलाई पुनः स्मरण गराउछ। आजको बिश्वमा बढ्दो द्धन्द्ध, अशान्ति र चुनौतिहरूको बीचमा बुद्धका उपदेशहरू अझै गहिरो रूपमा आवश्यकता रहेको महशुस हुन्छ। शान्ति, सद्भाव, सहअस्तिव र मानवताको सेवा– यिनै गुणहरू बुद्धप्रति हाम्रो सच्चा समर्पण छ!

**भगवान गौतम बुद्धले प्रतिपादन गर्नु भएको बौद्धदर्शनले सबैको कल्याण गरून्।**
**सुख, शन्ति र समृद्धि प्राप्त गरून्।**

२५७०औं बुद्धजयन्तीको पावन अवसरमा प्रकाशन हुने, यो डिजिटल उपहार पूर्णाङ्क (१) मार्फत देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुस्वास्थ, सुख, शान्ति, उन्नति, प्रगति, समृद्धि र दीर्घायुको लागि हार्दिक मंगलमय शुभकामना! भवतु सर्वमंगलम्।



**आश घले**
**कोषाध्यक्ष**
**बेभर्ली गुरुङ समाज तथा सामाजिक अभियन्ता**

# बुद्धजयन्ती शुभकामना !

शान्तिको बाहक भगवान सिद्धार्थ गौतम बुद्ध, बौद्ध धर्मको प्रणेता हुन्। बुद्ध भन्नाले बोधि प्राप्त वा अन्तिम सत्यको साक्षात्कार गरेको महामानव भन्ने बुझिन्छ। तिनै महात्मा बुद्धको त्रिसंयोग अर्थात जन्म, ज्ञान प्राप्ति र महा परिनिर्वाण भएको पावन तिथिमा भगवान बुद्ध प्रति अत्यन्त श्रदा र भक्तिभाव ब्यक्त गर्दछु।

२५७०औं बुद्धजयन्तीको पावन अवसरमा, बुद्धिजम डिजिटल लाइब्रेरी इन्क, अमेरिकाले, डिजिटल प्रबिधि मार्फत २५७०औं बुद्धजयन्ती डिजिटल उपहार पूर्णाङ्क (१) प्रकाशन गर्न लागेको खबरले, म र हाम्रो संस्था लगायत स्वदेश तथा बिदेशमा बस्नु हुने सम्पूर्ण नेपालीजन अत्यन्तै खुसी भएका छौं।

पहिलो प्रकाशन संगसंगै अरू थप प्रकाशनको लागि पनि शुभकामना दिदै, यस्तो सह्रानिय कामले अझै बढि उचाई चुम्न पुगोस्। विश्वमा शान्ति छाओस् भन्दै दिलैदेखि हार्दिक शुभकामना !

**भगवान बुद्धको प्रेम, मैत्री र करूणाले सबैको कल्याण होस्।**

अन्तमा, २५७०औं बुद्धजन्तिको पावन अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुस्वास्थ, सुख, शान्ति, उन्नति, प्रगति, समृद्धि तथा दीर्घायुको लागि हार्दिक मंगलमय शुभकामना ! भवतु सर्वमंगलम्।



**देवराज पुन मगर**
**अध्यक्ष, मगर संघ, अमेरिका**
म्यासाच्यूसेट्स, बोस्टन च्यापटर।
मार्च १५, २०२६।



# मानव जीवनमा जीवित तथा दिवंगत आत्मालाई महासुखावती पवित्र भुवन देवाचन प्राप्तिको आवश्यकता

● धर्म लामा गुरूङ (रिनछेन दोर्जे लिङ्पा)

सम्पूर्ण पाठक वर्गमा मेरो हार्दिक न्यानो अभिवादन एवं नमस्कार छ। सर्वप्रथम मेरो छोटो परिचय दिन चाहन्छु। मेरो नाम धर्म लामा गुरूङ हो र मेरो धार्मिक नाम दोर्जे लोपेन रिनछेन दोर्जे लिङ्पा हो। मेरो कुलको नाम तामताशी र घरको नाम पैंगी लामा हो।

अर्थात् 'ताम' भनेको ताछोक रिन्पोछे र मकपोन रिन्पोछे रत्नमणि घोडामा चढ्ने रत्नमणि सेनापति पिता-पुर्खा हुन् भने 'ताशी' भनेको ताशी ल्हामो माता-पुर्खाको सन्तान हुन्। यसैगरी 'पैंगी लामा' भनेको भोट भाषा बोल्ने, भोट भाषा लिपि लेख्ने र भोट भाषामा कर्मकाण्ड, जीवित तथा मृतकको पूजा-आजा गर्ने लामा अर्थात् गुरू हुन्। त्यसैले भोटको लामा र पैंगी लामा गुरू भई गुरूङ भनिएको हो।

तसर्थ पिता-पुर्खादेखि नै धर्म र कर्ममा विश्वास राख्ने धर्म तामताशी पैंगी लामा गुरूङ हुँदै धर्म लामा गुरूङ हुन गएको हो। त्यसैको प्रेरणाबाट मैले वि.सं. २०६० साल मंसिर महिनामा तामताशी पैंगी लामा गुरूङहरूको वंशावली पुस्तक लेखी प्रकाशित गरी सुन्दर नगर पोखरामा तमु धी नेपालको नववर्ष ल्होछारको पावन अवसरमा कर्णेल रामकाजी गुरूङज्यूको करकमलबाट विमोचन गरिएको थियो।

त्यस बाहेक पनि आफ्नै रचनामा गीत, संगीत, कविता तथा कलाकारितामा केही अभिनय समेत गरिसकेको छु। त्यसैगरी वि.सं. २०७२ सालमा "चार अशक्ति त्याग्ने मतिशोधको व्याख्या भम्भीर अर्थको महत्व दर्शन" नामक पुस्तक, बुद्ध वचनका खेन्पो कमल भण्डारीज्यूको अनुवादमा, म स्वयं अनुवादक समिति तथा देवाचन बुद्धिस्ट सेन्टरको संस्थापक, संरक्षक एवं अध्यक्ष दोर्जे लोपेन रिनछेन दोर्जे लिङ्पा धर्म लामा गुरूङद्वारा प्रकाशित गरिएको थियो।

पिता-पुर्खाको परम्परालाई जगेर्ना गर्नका लागि पढाइ तथा लामा विद्याको अध्ययन गर्दै गर्दा सन् १९९४ मा सैन्य जीवनबाट अवकाश लिएर पुनः नवीन जीवन बिताउने क्रममा विश्व भ्रमण गर्दै करिब ५०-६० भन्दा बढी देशहरूमा भ्रमण गर्ने अवसर प्राप्त भयो।

पुर्ख्यौली रूपमा सामाजिक अभियन्ताको संस्कारमा हुर्किएको कारण स्वदेश तथा विदेश गरी करिब २५-३० संघसंस्थाहरूमा आजीवन सदस्यका रूपमा आबद्ध रही धेरै संस्थाहरूमा उच्च पदको जिम्मेवारी सम्हाल्दै भौतिक, नैतिक तथा आर्थिक रूपमा सेवा प्रदान गर्दै आएको छु र सर्वधर्मावलम्बीहरूसँग समन्वय गर्दै अघि बढिरहेको छु।

मेरो जीवनको महत्वपूर्ण पक्ष भन्नुपर्दा, म स्वयं तामताशी पैंगी लामा वंशको परिवारमा जन्मिएको हुनाले सानैदेखि धर्म-कर्ममा आस्था र विश्वास थियो । मेरा बुबा एवं हजुरबुबाको प्रेरणाले मलाई पनि भविष्यमा लामा बन्ने रूचि थियो । प्रारम्भिक शिक्षा बुबासँग लिए पनि लामा रामकाजी गुरूङ तथा उहाँका गुरू लामा धनप्रसाद गुरूङज्यूबाट धेरै ज्ञान हासिल गर्ने अवसर मिल्यो ।


त्यसै क्रममा मेरा बुबा, दोस्रो विश्वयुद्ध (सन् १९४०-१९४६) मा सहभागी वीर लामा बेलचन गुरूङज्यूको प्रेरणाबाट म पनि सन् १९८१ मा ब्रिटिस सेनामा भर्ती भई १९९४ मा अवकाश लिएँ। त्यसपछि तिब्बतमा २० वर्ष अध्ययन गरेका महागुरूहरूमध्ये टुल्कु मिङ्युर दोर्जे, गारब दोर्जे, ठुल्सी रिन्पोछे लगायत ज्याडल रिन्पोछे जस्ता सहपाठी रहेका मेरा परम पूजनीय गुरू रत्न छेवाङ ग्याल्छेन शेर्पाज्यूको दर्शन पाएपछि उहाँसँगै रिनछेन तेरजित रत्न निधि कोषको अध्ययन गर्दै सन् २००५ मा गेदुन ठिदेन भिक्षुको सिंहासन प्राप्त गरें ।

यस क्रममा साधना गर्दै जाँदा रत्न निधि कोषको अध्ययन सम्पन्न पश्चात् भोट वर्ष २१३६, दोस्रो महिनाको १ गते (४ अप्रिल २०११, वि.सं. २०६७ चैत २१ गते सोमबार) कुङन दोर्जे संग तेर्लिङ गुम्बामा परम पूजनीय गुरू रत्न छेवाङज्यूबाट दोर्जे लोपेन (वज्र मास्टर) को दीक्षित उपाधि प्रदान गरियो ।

धर्म-कर्म र संस्कारका ज्ञाता एवं इतिहासकार मेरा बुवा लामा डिमा दुइछेन बेलचन गुरूङज्यूको प्रेरणाबाट नै मैले सन् १९८४ मा आफ्नै वंशका पुर्खाको कुलदेवताको नाम “तामताशी पैंगी लामा” बाट “तामताशी पैंगी लामा समिति” गठन गरेको हुँ ।

ई.सं. २००५ मा पोखरा नगरपालिका, कास्की जिल्लामा म संस्थापक सचिव रहने गरी गुरूङ लामा संघ गठन गरिएको थियो, जसको अध्यक्ष दोर्जे लोपेन लामा गुप्ती गुरूङ हुनुहुन्थ्यो । त्यसैगरी मेरो सक्रियतामा नै आफ्ना गुरू रत्न छेवाङज्यूका सम्पूर्ण चेलाहरूलाई समेट्दै “रिनछेन तेरजित रत्न निधि कोष अध्ययनकर्ता”हरूको “रिनछेन तेरजित लामा संघ” पोखरा महानगरपालिका, कास्कीमा गठन गरियो, जसमा लामा दोर्जे लोपेन दोर्जे फिग्मेद लिङ्पा नैन सिंह गुरूङज्यू अध्यक्ष र म संस्थापक सचिव रहेको थिएँ ।

त्यसैगरी कार्यका सिलसिलामा बेलायतको आवासीय भिसा प्राप्त भई छोराछोरीहरूको उच्च शिक्षाका लागि सन् २००८ मा बेलायत पुगेपछि त्यहाँ पनि आफ्नै सक्रियतामा देवाचन बुद्धिस्ट



सेन्टर, देवाचन लामा संघ, देवाचन मणि संघ र देवाचन आमा संघ लगायत बाघकोट मोहोरिया समाज गठन गरी स्वयं संस्थापक, संरक्षक, अध्यक्ष एवं सल्लाहकारको भूमिका निर्वाह गर्दै आएको छु । साथै, यस संस्थाको प्रमुख लामाको रूपमा महत्वपूर्ण जिम्मेवारी निर्वाह गर्दै आएको छु र अन्तर्राष्ट्रिय तामताशी पैंगी लामा समन्वय परिषद्को अध्यक्षको जिम्मेवारी पनि सम्हाल्दै आएको छु ।

देवाचन बुद्धिस्ट सेन्टरको परिभाषा लिनुपर्दा, सबै संवेदनशील प्राणीहरूको अनन्त खुशीको निवास, एक सुखद संसार निर्माण गर्ने उद्देश्यले प्रतिबद्ध संस्था हो । त्यसैले आज म देवाचनका इष्टदेव अमिताभ बुद्धको माध्यमबाट मानव जीवनमा जीवित तथा दिवंगत चित्तलाई कसरी महासुखावती पवित्र भुवन (Pure Land) देवाचन प्राप्त गराउन सकिन्छ भन्ने विषयमा केही संक्षिप्त रूपमा व्याख्या गर्ने प्रयास गर्दैछु । यसले मानव समाज तथा गुरूङ समुदायमा केही न केही सकारात्मक प्रभाव पार्नेछ भन्ने विश्वास लिएको छु ।

यसमा समावेश गरिएका अधिकांश विचारहरू टुल्कु मिङ्युर दोर्जेको निधिपति ग्रन्थ "होद्छ्योग" को आधारमा, अनुवादक एवं सम्पादक खेन्पो ङवाङ वोशेर तथा प्रकाशक साधक छेतेन नार्ग्येको मार्गदर्शनबाट प्रस्तुत गरिएको हो । यसमार्फत सबैले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा पुण्य सञ्चय गरी महासुखावती भुवन प्राप्त गर्न सकून् भन्ने दृढ संकल्पका साथ यो सामग्री समावेश गरिएको छ ।

यदि यस कार्यका क्रममा मबाट अन्जानमा कुनै त्रुटि भएको भए कृपया अन्यथा नसम्झी क्षमा प्रदान गर्नुहुन अनुरोध गर्दछु । सबैप्रति हार्दिक धन्यवाद ।

नेपालका हिमाली क्षेत्र लगायत देशका विभिन्न गाउँ-ठाउँमा शताब्दीयौँदेखि बसोबास गर्दै आएका मंगोल मूलका तथा तमु (गुरूङ) समुदायका बौद्ध धर्मावलम्बीहरूले परापूर्वकालदेखि बौद्ध धर्मग्रन्थका आधारमा महायान परम्पराअन्तर्गत तान्त्रिक विधिबाट परम्परागत रूपमा देव-धर्म चित्त साधना गर्दै आएका छन् ।

यस क्रममा जीवित तथा मृतकका लागि पूजा-पाठ गर्दै, संचित शुक्ल पुण्य कर्मद्वारा सुखावती भुवन देवाचनमा अमिताभ बुद्धको चरणकमलमा जन्म लिन सकियोस् र यही जीवनमै सम्यक सम्बोधि ज्ञान प्राप्त गर्न सकियोस् भन्ने कामना गर्दै पुण्य परिणामना गरिन्छ । भवतु सर्वमङ्गलम् ।

यो अमिताभ बुद्धको साधना गर्ने पूजा विधि हो, जसलाई भोट-हिमाली भाषामा "होद्छ्योग" भनिन्छ । 'होद' भनेको अनन्त प्रकाश (अमिताभ) र 'छ्योग' भनेको पूजा विधि हो । यो महायान परम्परामा अत्यन्त लोकप्रिय तान्त्रिक ग्रन्थ हो ।

यस विधिमा गुरू वंशपरम्परा, त्रिरत्न र त्रिभुवन गुरू-देवमा शरणागमन, अमिताभ गुरू-शिष्यको संक्षिप्त वर्णन, सुखावती भुवनबाट बुद्ध-बोधिसत्वको आह्वान गरी मण्डलमा आसन ग्रहण गराउने, अभिषेक लिने, स्तुतिगान गर्ने तथा अष्टद्रव्य, अष्टमङ्गल, सप्तरत्न र पञ्चकामगुण आदिको पूजा अर्पण गर्ने परम्परा रहिआएको छ ।

यसपछि अवलोकितेश्वरको रूपमा प्रकट भई मन्त्रजप गर्दा चित्तबाट ज्योति प्रसारण गरी दशै दिशाका बुद्धहरूमा पूजा अर्पण गरिन्छ । त्यसैगरी

ज्योति सबै प्राणीहरूमा फैलिँदा उनीहरूको पापावरण नष्ट भई बाह्य रूपमा संसार सुखावती भुवनमा रूपान्तरण हुन्छ भने आन्तरिक रूपमा प्राणीहरू अमिताभ बुद्धस्वरूपमा परिणत हुने साधना गरिन्छ।

अन्त्यमा धर्मपाल पूजा गरी साधनामा कुनै बाधा नआओस् भनी प्रार्थना गरिन्छ। गणचक्र पूजा अर्पण गरी देवगणलाई सन्तुष्ट पारिन्छ र आयु अभिषेकद्वारा दीर्घायु तथा चिरञ्जीवी हुने शक्ति ग्रहण गरिन्छ।

यदि मृतकको दाहसंस्कार गर्ने भए, सम्बन्धित होम सामग्रीद्वारा अग्नि देव र इष्टदेवलाई अर्पण गरी मृतकको पापावरण शुद्ध गर्ने गरिन्छ। साथै मृतकको चित्तलाई स्थानान्तरण गर्नुपर्ने भए, आवश्यक सामग्री जुटाई योग्य गुरूबाट विधिपूर्वक अनुष्ठान गरी अन्तराभवको दुःखबाट मुक्त गराई सुखावती देवाचन भुवनमा स्थानान्तरण गर्ने विधि सम्पन्न गरिन्छ।

*महासुखावती भुवनको साधना गर्ने विधि, प्रार्थना यहाँ छ :*

**नमो अंभिताभाय।**

पश्चिम दिशाका शान्तियुक्त पञ्चव्यूह भुवनका प्रमुख अमर भगवान अनन्ताभ (अमिताभ) मा प्रार्थना गर्छु, आशीर्वाद एवं सिद्धि प्रदान गरी आदि बुद्ध प्राप्त गर्न आशिर्वाद दिनु होस्। अवलोकितेश्वर र महाशक्ति प्राप्त (वज्रपाणि) लगायत बोधिसत्त्व र श्रावक शिष्य सङ्घमा प्रार्थना गर्छु, आशीर्वाद एवं सिद्धि प्रदान गरी आदि बुद्ध प्राप्त गर्न आशिर्वाद दिनु होस्।

द्वितीय बुद्ध सरोज (गुरू) पद्मसम्भव, विद्याधर सिद्ध सागर समान सङ्घहरूमा प्रार्थना गर्छु, आशीर्वाद एवं सिद्धि प्रदान गरी आदिबुद्ध प्राप्त गर्न आशिर्वाद दिनु होस्।

मिग्युर दोर्जे र दुदुल रोल्पा आदि मूल वंश (परम्परा) का श्रीमत् गुरूवरहरूमा प्रार्थना गर्छु, आशीर्वाद एवं सिद्धि प्रदान गरी आदिबुद्ध प्राप्त गर्न आशिर्वाद दिनु होस्।

मतृनाथ भ्राता, सिंहमुखा दम्पत्ति लगायत शासन रक्षक प्रति साभारको सङ्घहरूमा प्रार्थना गर्छु, आशीर्वाद एवं सिद्धि प्रदान गरी आदि बुद्ध प्राप्त गर्न आशिर्वाद दिनुहोस्।

यसरी प्रार्थना गरेको आशिर्वादले दुई आवरण रोग, गृह र बाधा शान्त भई आयु, ऐश्वर्य र ज्ञानाभास प्रफुल्ल भएर अमिताभनाथसित अभिन्न भई बुद्धत्व प्राप्त होओस्।

देवधर्म, चित्तनिधिको कर्ण परम्परा, गम्भीर गुरू शान्तको विषयबाट त्रिभुवनको सामान्य पूर्वाभ्यास यहाँ रहेको छ :

गुरूदेव डाकिनी हुँ। नमो त्रिरत्न (बुद्धरत्न, धर्मरत्न, संघरत्न) र त्रिभुवन शरण्यजनहरूमा शरण जान्छु। जगत् प्राणी सबै बुद्धमा नियुक्त गर्नका लागि परम बोधिचित्त उत्पादन गर्छु।

आफू स्वयं लोकेश्वरमा सम्भेको ज्योति प्रसारण, संहारण गरेकोबाट दिक्पाल, भूमिपति र भूतको समूह आह्वान गरें, अगाडि बसुन्। रत्नपात्रमा भएको तोर्मा अमृतमा परिणत होउन् – ओँ आः हुँ।

आदिस्थित (रैथाने) र अचानक आइपुगेका स्थानपति, भूमिपति र भूतका समूह यहाँ भेला भई अर्पित दानको तोर्मा ग्रहण गर्नुहोस्। यस स्थानमा गुप्त मन्त्र साधना गर्ने कार्यमा रिस र डाह नगरी सेतो पक्षले सहयोगको साधना जुटाइदिनु होस्, र कालो पक्षीय विघ्न बाधकहरू अन्यत्र जाऊन्।

यदि नमानेर हिंसा गरेमा ज्ञानको वज्रले नष्ट गरिदिन्छु। त्यसैले घोषणा गरिएको आदेश मान्नु। ओँ सर्वलोकपाल बलिन्द खाहिरवाः। सबै विघ्नन् गच्छ गच्छ।

रक्षाचक्रः शरीरबाट अग्निज्वालारूपी क्रोध देवको सङ्घ प्रज्वलित गरी ग्रह विघ्न सबै परास्त गरून्। वज्रगृहको बाहिरबाट पञ्चज्ञानयुक्त अग्निज्वाला दन्काएर रक्षा गरून्। बज्र रक्षारक्षा भ्रुम्।

**हमः गुरूदेव डाकिनी अमिताभको साधना :**

**नमोः** त्रिरत्न (बुद्धरत्न, धर्मरत्न, संघरत्न) र त्रिभुवन लगायत शरण्यजनहरूको शरणमा जान्छु। जगत् प्राणीहरू बुद्धमा नियुक्त गर्नका लागि परम बोधिचित्त उत्पादन गर्छु।

आदि शुद्धको माध्यमबाट निर्माण गरेका आकाश-पातालले भरिएको पूजामेघ, औषधि, तोर्मा र रक्तदेवी समेत अक्षय होउन्। फूल, कमल, पञ्चको माथि, त्यस भित्र सेतो सत्त्वको अगाडि पञ्च र चन्द्रासनमा अमिताभनाथ रातो वर्णमा एकमुखी, दुई हात ध्यानमुद्रामा माथि भिक्षापात्र समातेर धर्मवस्त्र लगाई पलेटी मारेर बसिरहनुभएको छ।

दायाँतिर अवलोकितेश्वर एक अनुहार चार हात मध्ये दुई हात जोडिएको, दायाँ र बायाँ दुई हातमा माला र पञ्च लिएर उभिनुभएको छ। बायाँमा महाशक्ति प्राप्त (वज्रपाणि) दायाँ र बायाँ हातमा वज्र र घण्टी लिएर उभिनुभएको छ।

बुद्ध र बोधिसत्त्व तथा श्रावक अर्हत असङ्ख्यले परिधि घेरेका छन्। तीन प्रमुख देवताको तीन स्थानका तीन अक्षरबाट ज्योति प्रसरण हुँदा सुखावतीबाट देवगण आह्वान गरून्।

हुँः अमिताभ देवगण अशेष (सबै) यस स्थानमा आह्वान गर्छु। प्रवेश गरी आशीर्वाद दिनुहोस्। भाग्यमानी, श्रद्धालु हामीलाई अभिषेक दिनुहोस् र विनायक आयुको बाधा निवारण गरिदिनुहोस्।

अमिताभ देवगण चन्द्रासनमा विराजमान हुनुहोस्। सुखावती भुवनमा धर्मचक्र प्रवर्तन गरी प्राणीहरूलाई सधैं करूणाले हेरिदिनुहोस्।

प्रज्ञा स्वीकारेर जगत् प्राणीहरूको शरण हुनुहुने अमिताभ ध्यानमुद्रामा भएकालाई ढोग गर्छु।

ओँ अभिवेध हो वज्रसमयजः हुँ वँ हो। तिष्ठन् हान अतिपुहोः।

चित्तको हृदयबाट ज्योति प्रसरण हुँदा जिन पञ्चबुद्ध आह्वान गरी अभिषेक दिएर अपरिमित आयु शिरको अलङ्कार होउन्।

हुँः मैले सुगन्धयुक्त शुद्ध जलले अमिताभको कायमा स्नान चढाउँछु। देवतालाई मल नभए पनि पापावरण शुद्ध हुने कामना गर्छु।

ओँ सर्व तथागत अभिषिक्ते समय श्रीये हुँ।

हुँः सेतो कोमल सुगन्धयुक्त कपडाले अमिताभको कायलाई पुछ्ने गर्छु। कायमा मल नभए पनि दुःखबाट मुक्त हुने कामना गर्छु।

हुँः सुन्दरताले युक्त काषाय वस्त्र यो जिन (बुद्ध) को कायमा चढाउँछु। कायमा चिसो लागेको नभए पनि तेजप्रभा प्रवर्द्धन गर्ने कामना गर्छु।

हुँः रत्न अलङ्कार लगाउन आवश्यक नभए पनि प्रतिभा बढाउने कामना गर्छु।

हुँः आठ अङ्गले युक्त शीतल जल यो जिन पुत्रसमेतको मुखमा चढाउँछु। मुखमा तिर्खा लागेको नभए पनि दुःखबाट मुक्त हुने कामना गर्छु।

हुँः अमिताभको चरणको मल शुद्ध गर्नका लागि खुट्टा धुन सुगन्धयुक्त जल चढाउँछु। म साधारण मान्छे भए तापनि मनले सुनौलो जल प्रकट गरी चरणमा पूजा आराधना गर्छु।

अमिताभको आँखामा रमाइलो पार्नका लागि सुन्दर सेतो फूल चढाउँछु। म साधारण मान्छे भए तापनि मनले सेतो फूल प्रकट गरी आँखामा पूजा आराधना गर्छु।

हुँः अमिताभको उत्कृष्ट नाक खुशी पार्नका लागि सुगन्धित धूप चढाउँछु। म साधारण मान्छे भए तापनि मनले नीलो धूप प्रकट गरी नाकमा पूजा आराधना गर्छु।

हुँः अमिताभको उत्तम प्रिय बनाउनका लागि चम्किलो दीप चढाउँछु। म साधारण मान्छे भए तापनि मनले रातो दीप प्रकट गरी हातमा पूजा अर्पण गर्छु।

हुँः अमिताभको कायमा तेज बढाउनका लागि सुगन्धयुक्त शुद्ध जल चढाउँछु। म साधारण मान्छे भए तापनि मनले हरियो सुगन्ध जल प्रकट गरी कायमा पूजा अर्पण गर्छु।

हुँः अमिताभको कायमा ओज बढाउनका लागि रसयुक्त उत्तम नैवेद्य प्रकट गरी जिब्रोमा पूजा अर्पण गर्छु।

हुँः अमिताभको उत्कृष्ट कान प्रिय बनाउनका लागि मधुर वाद्यवादन कानमा चढाउँछु। म साधारण मान्छे भए तापनि मनले पहेँलो शब्द प्रकट गरी कानमा पूजा आराधना गर्छु।

हुँः अपरिमित आयुका कायमा खुशी पार्नका लागि अलङ्कारयुक्त विद्याधरी यो चढाउँछु। म साधारण मान्छे भए तापनि मनले सुन्दरी विद्याधरी प्रकट गरी कायमा पूजा आराधना गर्छु।

ओँ वज्र अर्घं पाद्यं पुष्पे धूपे आलोक गन्धे नैवेद्य शब्द मुट्र आः हुँः।

**अष्टद्रव्य**

हुँः मङ्गलका मुख्य अष्टद्रव्यहरू– सर्सिउँ, दुबो, श्रीफल, गिरिचना, सिन्दूर, उत्तम दही, विशुद्ध अन्न र सेतो शेखा आदि देवतालाई अर्पण गर्छु।

**अष्टमङ्गल**

हुँः मङ्गलका मुख्य अष्टलक्षणहरू– रत्नछत्र, सुवर्णमाछा, निधिकुम्भ, भद्रकमल, दक्षिणावर्त शंख, श्वेत शंख, श्रीवत्स, विजयध्वज र धर्मचक्र आदि देवतालाई पूजा अर्पण गर्छु।

प्राणीहरू दुई सम्भार सम्पन्न होउन्। अष्टमङ्गलार्थे स्वाहा।

हुँः कामगुणका मूल सप्तरत्नहरू– धर्मचक्र आदि देवतालाई पूजा अर्पण गर्छु। प्राणीहरू दुई सम्भार सम्पन्न होउन्। अष्टमङ्गलम् हेतु स्वाहा।

हुँः कामगुणका मूल सप्तरत्नहरू– धर्मचक्र

र चिन्तामणि, सुन्दरी स्त्रीरत्न, गृहपतिरत्न, श्रीहस्तिरत्न, वायुपंखी घोडा, सेनापतिरत्न आदि सप्तरत्नहरू देवतालाई अर्पण गर्छु। हामी दुई सम्भार सम्पन्न होऔं।

**ऑं सप्तरत्न प्रतिच्छ स्वाहा, मङ्गलम्।**

हुँः मङ्गलका मुख्य अष्टद्रव्यहरू र उत्तम राजा सर्सिउ आदि देवतालाई पूजा अर्पण गर्छु। दुई सम्भार परिपूर्ण होउन्, मङ्गलम् अर्थसिद्धि होस्।

हुँः मङ्गलका मुख्य कुम्भ आदि देवतालाई अर्पण गर्छु। प्राणीहरू दुई सम्भार सम्पन्न होउन्। मङ्गलम् कुम्भ हुँः।

हुँः कामगुणका मूल सप्तरत्न र रत्नमणि आदि देवतालाई पूजा चढाउँछु। हामी दुई सम्भार सम्पन्न होऔं।

**ऑं मणिरत्न** हुँः।

हुँः सबै पर्वतमध्ये प्रमुख सुमेरू, चार द्वीप र चार उपद्वीपसहित देवतालाई पूजा अर्पण गर्छु।

हामी दुई सम्भार परिपूर्ण होऔं। ऑं रत्नमण्डल हुँः।

**समापन प्रार्थना :**

हुँः मैले शरण्यदेव अपरिमित आयुलाई अमृतको पूजा अर्पण गरें। म साधारण मान्छे भए तापनि मनले अमृत देवीमा प्रकट गरी अपरिमित आयुलाई चढाएँ।

करूणाले म र अरू सबैलाई साधारण तथा असाधारण सिद्धि प्रदान गर्नुहोस्।

हुँः मैले शरण्यदेव अमिताभलाई तोर्मा (बलि) को पूजा अर्पण गरें। म साधारण मान्छे भए तापनि मनले पञ्चकामगुण देवीमा प्रकट गरी अमिताभलाई अर्पण गरें।

करूणाले हामी सबैलाई सिद्धि प्रदान गर्नुहोस्।

हुँः मैले शरण्यदेव अमिताभलाई रक्तको पूजा अर्पण गरें। करूणाले सिद्धि प्रदान गर्नुहोस्।

ऑं वज्र पञ्च अमृत बलिन्द रक्त खाही।

ऑं वज्र काय च उत्तम काय हो। ब्रह्मा र इन्द्रले समेत प्रतिस्पर्धा गर्न नसक्ने आकाशसमान काय भएका धर्मकायलाई नमन गर्छु।

हुँः वज्र चित्त उत्तम चित्त हो। लोकहितमा निश्चय गर्ने ब्रह्मा र इन्द्रका चित्तभन्दा पनि श्रेष्ठ करूणामय चित्तलाई नमन गर्छु।

ऑं म अज्ञानवश भएको कारण अमिताभको चित्तविरूद्ध भएका दोषका लागि क्षमा याचना गर्छु।

**वज्रसत्त्व** हुँः।

ऑं काय, वाणी र चित्तका दोषहरू शुद्ध होउन्।

अः वाणीका दोषहरू शुद्ध होउन्।

ऑं ह्रीः स्वाहा। वज्रसत्त्व।

ऑं वज्रसत्त्व आः वज्रसत्त्व हैः।

अहो! आश्चर्यजनक बुद्ध अनन्ताभ (अमिताभ) तथा महाकरूणिक र शक्तिप्राप्त (वज्रपाणि) आदि बुद्ध-बोधिसत्त्वहरूलाई एकाग्र चित्तले विनम्र अभिवादन गर्छु।

हामीलाई महासिद्धि प्रदान गर्नुहोस्। अनन्ताभ (अमिताभ) प्राप्त गर्न आशीर्वाद दिनुहोस्। तत्पश्चात मध्यमको मुल मन्त्रः ऑं अभिदेवाहीः

संक्षेपमा ह्रीः मात्र जप्न सकिन्छ।

सुखावती साधनाको टिप्पणी तथा परिशिष्ट संक्षेपमा यहाँ रहेको छः

आफू स्वयं सत्त्व अवलोकितेश्वर सेतो एक अनुहार चार हात मध्ये, पहिलो दुई जोडिएका, मुनिको हातले स्फटिक माला र सेतो कमल लिएको, शिरको कपाल रत्नालङ्कारले सिँगारेको, आधा शरीर कमलको फूलमा डुबेर पलेटी कसेर बस्नुभएको चित्तको अगाडि इष्टदेव प्रकट भएको सरह अमिताभ गुरू शिष्य तीन तथा सुखावती भुवनको सम्पूर्ण बनावट सम्झिनु।

प्रमुखको चित्तमा चन्द्रमामाथि कारको छेउबाट अमिताभको मन्त्र माला दायाँ घुमेको, त्यसबाट ज्योति विभिन्न रंगको ऊर्णकोश (निधार) बाट निस्केर आकाशभरि व्याप्त प्रसार भई दश दिशाका बुद्ध बोधिसत्त्वसमेत सबै पूजेर बुद्धहरूको आशीर्वाद सङ्ग्रह गरी आफूमा लीन हुँदा जगत् प्राणी सबैका पाप आवरण शुद्ध भई सुखावती भुवनमा जन्मिने सुभाग्यले युक्त होउन्।

देश-दिशा लगायत बाह्य पात्र (लोक) सुखावती भुवनमा, भित्री रसस्वरूप प्राणीहरू अमिताभको रूपमा दम्पति, पुत्र र सत्त्व सत्त्वणी तथा बुद्ध बोधिसत्त्वहरू समेत सङ्घमा परिणत होउन्।

यसबाट मन्त्र गर्जन हुँदा सांसारिक खाल्डो मन्थन भई रूपवान र अरूपका सारा प्राणीहरूले अमिताभको पद प्राप्त होउन्।

ओँ अभिदेवहीः आफ्न चित्तको मन्त्रावलीको ज्योतिबाट ह्रीकार रातो मुगाका माला झैं आफ्नो मुखबाट निस्केर अगाडि अमिताभको मुखमा पसेर चित्तको मन्त्रावलीमा लीन भई चित्तसन्तति प्रेरित हुँदा, त्यसबाट ह्रीकारको रातो माला पंक्ति बाहिर आई नाइटोबाट निस्केर आफ्नो नाइटोमा लीन भई चित्तमा विलीन हुँदा आशीर्वाद प्राप्त होस्।

अग्निचक्रजस्तो चक्र लागेर बीचमा घुम्दा ज्योति विभिन्न खालका पश्चिम दिशा सुखावती भुवनमा प्रसार भई बुद्ध अमिताभको कायमा विलय होस्। काय, वाक र चित्त सन्तति सबै खुशी हुने पूजा सामाग्री होउन्।

उक्त कायबाट अमिताभको रूप ठूलो-सानो, वाणीबाट मन्त्रावली, ह्रीकार रातो चित्तबाट रातो वज्र, पाँच शिर भएका हिम, वर्षा, हावा-हुरी आदि भई आउनु र आफू तथा अगाडिका देवताहरू सबैमा विलय होउन्।

हीः अगाडि प्रकट देवताको (रूपी) कलशको चित्तमा जूनमाथि रातो ह्रीकारलाई धारणी मन्त्रले घेरेको, आफ्नो चित्तको मन्त्रावलीमा प्रकट भएर सामुन्ने देवताको मुखमा पसेर चित्त सन्तति प्रेरित गर्दा धारणी मन्त्र दायाँतिर घुमेको, त्यसबाट विभिन्न ज्योति आदि लाग्दा अमृतको कलश भरिँदै जाओस्। कर्म कलशमा रातो हयग्रीव, कपाल, दण्ड, पाश आदि समेटेर बसेको शरीरबाट अमृतको धारा बगेर आउँदा कलश अमृतले पूर्ण होउन्।

**ओँ हयग्रीव हुँ फट्।**

समुन्ने देवाश्रय रूपी कलशको चित्तमा जूनमाथि रातो ह्रीकारको छेउबाट धारणी मन्त्र दायाँ घुमेको, त्यसबाट विभिन्न ज्योति दश दिशामा प्रसार हुँदा दिवङ्गतलगायत जगत् प्राणी सबैका पाप आवरण, दोष, आपत्ति र वासना सबै सूर्यकिरण परेझैं शुद्ध होउन्।

कलश देवको कायबाट अमृत झरेर कलश अमृतले भरिएको सम्झिँदै ध्यानको बीचमा यो मन्त्र धारणी ७ वा २१ पटक वा सय पटकसम्म जति सकिन्छ जप्नु ।

नमोः रत्नत्रयाय, नमोः भगवते अमिताभाय तथागताय अर्हते सम्यक् सम्बुद्धाय तद्यथा–

ओँ अमिते अमितोद्भवे अमितसम्भवे अमितविक्रान्ते अमितगामिनी गगनकीर्तिकरे सर्वक्लेशदायक स्वाहा ।

कर्म कलशमा रातो हयग्रीव, कपाल, दण्ड र पाश समातेर बसेको शरीरबाट अमृतको धारा बगेर आउँदा कलश अमृतले पूर्ण होउन् ।

**ओँ हयग्रीव हुँ फट् ।**

७/२१ पटकसम्म जप्नु अनि अर्घ्यादिले पूजा गर्नु ।

ह्रीः बाट प्रकट भएका विशिष्ट हयग्रीवलाई नमन गर्छु, स्तुति गर्छु।

कर्मकलशको क्रोधदेवले बाधाहरू निवारण गर्ने कर्म गरिदिनुहोस्। स्वस्ति भवतु।

त्यसपछि आयु बोलाएर र साधना गर्नेः

हूँः भगवान् अमिताभनाथ। एक मुख, दुई हात, रातो वर्णको शरीर, ध्यानमुद्रामा भिक्षापात्र समातेर वज्रपर्यङ्क (पद्मासन) मा विराजमान हुनुहुन्छ। निर्माणकायका पाँच देवीहरूले शीघ्र आयु-कलश लिएर ध्वजा र भाला हल्लाउँदै महाभूतहरूको रस सङ्ग्रह गरी भिक्षापात्रमा अर्पण गर्छन् । भिक्षापात्र आयु-अमृतले भरिएपछि त्यो अमृत साधकमा विलीन भएको ध्यान गर्नु ।

हूँः ध्वजा पूर्वतिर हल्लाउँदा वायुका रसहरू सङ्ग्रह भई हरियो इन्द्रेणी प्रकाश प्रकट हुन्छ। त्यसबीच वायु देवी–एक मुख, दुई हातमा हरियो ध्वजा र कलश लिएर–नृत्य गरिरहेकी हुन्छिन् ।

ध्वजा दक्षिणतिर हल्लाउँदा अग्निका रसहरू सङ्ग्रह भई रातो इन्द्रेणी प्रकाश प्रकट हुन्छ। त्यसबीच अग्नि देवी–एक मुख, दुई हातमा भाला र कलश लिएर–रातो प्रकाशमा नृत्य गर्छिन् ।

ध्वजा पश्चिमतिर हल्लाउँदा पृथ्वी/धातु (लोह) का रसहरू सङ्ग्रह भई सेतो इन्द्रेणी प्रकाश प्रकट हुन्छ। त्यसबीच लोह देवी–एक मुख, दुई हातमा सेतो ध्वजा र कलश लिएर–नृत्य गर्छिन् ।

ध्वजा उत्तरतिर हल्लाउँदा जलका रसहरू सङ्ग्रह भई नीलो इन्द्रेणी प्रकाश प्रकट हुन्छ। त्यसबीच जल देवी–एक मुख, दुई हातमा नीलो ध्वजा र कलश लिएर–नृत्य गर्छिन् ।

ध्वजा माथितिर (ऊर्ध्व) हल्लाउँदा पृथ्वीका रसहरू सङ्ग्रह भई पहेँलो इन्द्रेणी प्रकाश प्रकट हुन्छ। त्यसबीच पृथ्वी देवी–एक मुख, दुई हातमा पहेँलो ध्वजा र कलश लिएर–नृत्य गर्छिन् ।

चारै दिशा र ऊर्ध्वका यी पाँच देवीहरूले पञ्चमहाभूतको तेज सङ्ग्रह गरी मेरो तेज विस्तार गरून्। पञ्चमहाभूतको आयु सङ्ग्रह गरी मेरो आयु स्थिर गरून्। पञ्चमहाभूतको रस सङ्ग्रह गरी मेरो आयु-रस वृद्धि गरून्। पञ्चमहाभूतको प्रभा सङ्ग्रह गरी मेरो प्रभा विस्तार गरून् ।

**मन्त्रः**

तद्यथा–डाकिनी हरिनिस भाम आयु सिद्धि पुष्टिङ् कुरूये स्वाहा ।

अहो! सम्बुद्ध अनन्ताभ (अमिताभ), महाकरूणिक तथा शक्ति प्राप्त (वज्रपाणि) लगायत सम्पूर्ण बुद्ध-बोधिसत्वहरूमा विनम्रतापूर्वक नमस्कार, स्तुति र अभिवादन गर्दछु। कृपया आयु-सिद्धि प्रदान गर्नुहोस्।

ॐ **आः हूँ अमितायुः सिद्धि हूँ। स्वाहा।**

**सुखावती भुवनका धर्मपाल पूजन विधिः**

हूँः अमिताभका धर्मपाल भारवर–कालो सिंहमुख, दुई हात, विशेष वस्त्रधारी, दायाँ हातले ध्वजा हल्लाउँदै र बायाँ हातले रातो तोर्माद्वारा शत्रुलाई प्रहार गर्ने, तीन खुट्टे कालो गधामा आरूढ।

उनकी सहधर्मिणी–रातो सिंहमुखी, हातमा खट्वाङ्ग र पात्र धारण गरी रातो घोडामा आरूढ। दायाँ-बायाँ स्त्री-पुरूष सहचर सहितको रूप स्मरण गर्नु।

हूँः अकनिष्ठ महाघाट, पारूषकावन, शीतवन, अष्टपीठ तथा चौबीस पीठ आदि पवित्र स्थानहरूबाट क्षेत्रपाल सपरिवारलाई आह्वान गर्छु। गुरू-शिष्य अनुरूप आसनमा विराजमान हुनुहोस्।

बाह्य, आन्तरिक र गूढ पूजाद्रव्य–औषधि, रक्त, तोर्मा आदि अर्पण गर्दछु। कृपया स्वीकार गर्नुहोस्।

**मन्त्रः**

ॐ **सिंहमुख हूँ फट्।**

ॐ **मिनार हूँ कट्।**

**त्रिहिङ् जः हूँ फट्।**

हूँः बुद्धसमक्ष प्रतिज्ञा गरी बुद्धशासनको रक्षा गर्ने असीम शक्ति सम्पन्न क्षेत्रपाल सपरिवारलाई स्तुति गर्दछु। शुद्ध भावले अर्पित बलि स्वीकार गरी चार कर्म (शान्ति, वशीकरण, वृद्धि, उग्र) सम्पन्न गर्नुहोस्।

नमो त्रिरत्न, गुरू, देव तथा डाकिनीहरूलाई। सुखावती भुवनका सम्पूर्ण देवगण तथा क्षेत्रपाल दम्पतिको शक्तिबलले हामी गुरू-शिष्य सपरिवारको आयु, प्राण र पुण्यको रक्षा गरून्।

शत्रु, विघ्न, मार, भूत-प्रेत आदिका बाधाहरू निवारण गरून्। दुष्ट शक्तिहरूलाई नियन्त्रण गरी सबै प्रकारका अवरोध हटाइदिनुहोस्। रोग-व्याधि तथा महामारी नष्ट गरून्।

सिंहमुख धर्मपाल दम्पति सपरिवार उपस्थित भई अर्पित तोर्मा स्वीकार गरी साधकका सम्पूर्ण बाधा निवारण गरून्। चोरी, हिंसा, भय तथा दुष्प्रभाव हटाइदिनुहोस्। मन्त्र-तन्त्रका दुष्प्रभाव र अभिशाप नष्ट गरून्।

सबै प्रकारका रोगहरू निवारण गरी सम्पूर्ण अभिलाषा पूर्ण गरिदिनुहोस्।

पूजा प्रसादमा अधिष्ठानको वर्षा गर्ने (पाठ) यहाँ रहेको छः

सुखावती भुवनका देवतामा ढोग गर्छु। स्वयं सत्त्व (अवलोकितेश्वर) को चित्तबाट रै यैं खे निस्केर पोल्ने, नष्ट गर्ने र धुने क्रममा अशुद्ध प्रसादहरू सबै शुद्ध भई ज्ञान-अमृतको स्वभावयुक्त होऊन्।

**देवता आह्वानः**

स्थान अकनिष्ठ धर्मधातुको भुवनबाट धर्मकाय महावज्रधर यस स्थानमा पाल्नुहोस्।

स्थान पश्चिम दिशा महासुखावती भुवनधातुबाट

भगवान् अमिताभनाथ यस स्थानमा पाल्नुहोस् ।

स्थान बोलोल भुवनधातुबाट आर्यवर अवलोकितेश्वर यस स्थानमा पाल्नुहोस् ।

स्थान अलकावती भुवनबाट गुह्यपति वज्रपाणि यस स्थानमा पाल्नुहोस् ।

स्थान अवैवर्तिक भुवनधातुबाट बोधिसत्व, श्रावक, अर्हतहरू यस स्थानमा पाल्नुहोस् ।

स्थान दक्षिण-पश्चिमको श्रीपर्वतबाट भट्टारक पद्मसम्भव यस स्थानमा पाल्नुहोस् ।

स्थान धर्मता महासुखको वैपुल्य भुवनबाट निर्माणकाय मिङ्ग्युर दोर्जे यस स्थानमा पाल्नुहोस् ।

स्थान शान्त, गम्भीर, निष्प्रपञ्च भुवनबाट सिद्ध कर्म छ्याङ्मेदे यस स्थानमा पाल्नुहोस् ।

स्थान उष्णीषको सूर्य-चन्द्र आसनबाट कृपालु मूलगुरू यस स्थानमा पाल्नुहोस् ।

स्थान खेचरको शुद्ध मन्दिरबाट इष्टदेवी वज्रवाराही यस स्थानमा पाल्नुहोस् ।

स्थान चौबीस पीठको महास्थानबाट वीर डाकिनी देवगण यस स्थानमा पाल्नुहोस् ।

स्थान शीतवन घाटबाट धर्मपाल दम्पति तथा सहचरहरू यस स्थानमा पाल्नुहोस् ।

स्थान ञेवी थुङच्योको भुवनबाट मारनाथ सिंहमुख दम्पति यस स्थानमा पाल्नुहोस् ।

आशीर्वाद र सिद्धि प्रदान गर्नुहोस् । यहाँ भेला भएका योगी-योगिनीहरूले व्रत शुद्ध राखी पञ्चकामगुणको प्रसाद शुद्ध बनाई प्रसन्नतापूर्वक अर्पण गर्छु ।

**अग्र प्रसाद चढाउने**

हूँः गुरू, इष्टदेव तथा धर्मपाललाई गणचक्र पूजा अर्पण गर्छु । कृपया खुशीपूर्वक ग्रहण गरी हामीलाई साधारण तथा असाधारण सिद्धि प्रदान गर्नुहोस् ।

**बीचमा प्रसाद चढाएर याचना**

तृप्त पूजाद्रव्यका वस्तुहरू शुद्ध भई उत्तम ज्ञान-अमृतमा परिणत होऊन् ।

निष्प्रपञ्च समन्तभद्रको विशालतामा अविकार स्वभाव स्मरण गर्दै पूजा मेघ सागर समान विस्तार भई सुखावती भुवनका अमिताभको चित्त सन्तुष्ट होस् ।

करूणेश्वर जगन्नाथ, बोधिसत्व अवलोकितेश्वर तथा वज्रपाणि आदिको चित्त सन्तुष्ट होस् ।

बुद्ध, बोधिसत्व, श्रावक, अर्हत आदि सबैको चित्त सन्तुष्ट होस् ।

धर्मपाल सागर समानका चित्त सन्तुष्ट होऊन् ।

हामी पुरोहित र दाता परिवारको आयु, ऐश्वर्य र ज्ञान वृद्धि होस् तथा रोग, ग्रह र उपद्रव शान्त होऊन् ।

**क्षमा याचना**

हामी अज्ञानी भएकाले मूल र उपाङ्ग व्रतहरू उल्लङ्घन भएका भए, नलुकाई क्षमा याचना गर्छौं ।

काय, वाणी र चित्तबाट भएका त्रुटिहरूका लागि क्षमा दिनुहोस् ।

**आरती (प्राणिधान)**

ॐ आः हूँ । सुखमहा सुखको उत्तम मण्डलमा

भेला भएका सबैले श्रद्धापूर्वक पूजा अर्पण गरी पुण्य र ज्ञान सञ्चय होस् ।

भविष्यमा अन्तराभव पार गरी सुखावती भुवनमा जन्म लिन पाऊँ ।

अमिताभको दर्शन गरी बोधि प्राप्त गर्न सकूँ ।

समस्त प्राणीहरूको हित गर्न सक्षम बनूँ ।

दीपबत्तीको प्रकाशले अज्ञानको अन्धकार हटाई सम्यक मार्गमा अग्रसर गराओस् ।

**प्रसाद ग्रहण**

सुगत तथा धर्मकायमा प्रणाम गर्दै सबै वस्तुहरू समान भावले ग्रहण गर्नुहोस् ।

**अन्तिम प्रार्थना**

वज्रकाय जन्म-मरण रहित होस् । वज्रवाणी नित्य होस् । वज्रचित्त अविकारी होस् ।

अमिताभको काय, वाक् र चित्त प्राप्त गरी धर्मसाधनामा सफल होऊँ ।

**अन्तिम क्षमा याचना**

अज्ञानवश भएका सबै त्रुटिहरूका लागि क्षमा दिनुहोस् ।

अपूर्ण वा अधिक भएका पूजा-विधिका त्रुटिहरूका लागि क्षमा दिनुहोस् ।

विधि अनुसार गर्न नसकिएका कार्यहरूका लागि क्षमा दिनुहोस् ।

**समापन प्रार्थना**

अमिताभ बुद्ध, अवलोकितेश्वर तथा वज्रपाणि सहितका सम्पूर्ण बुद्ध-बोधिसत्वहरूको आशीर्वादले हामी सुखावती भुवनमा जन्म लिन पाऊँ ।

तद्यथाः पञ्चेन्द्रिय अवबोधनये स्वाहा ।

**पुण्य परिणामना**

त्रिरत्नलाई अर्पित पुण्यबाट धर्म विस्तार होस् ।

समस्त प्राणीहरूले बुद्धत्व प्राप्त गरून् ।

दुई आवरण शुद्ध भई दुई सम्भार पूर्ण होऊन् ।

यही जीवनमा बोधि प्राप्त गरी प्राणीहरूको कल्याण गर्न सकूँ ।

जब यहाँबाट आयु (प्राण) जानेबित्तिकै सुखावतीमा जन्म लिन पाऊँ । जन्मनासाथ कमलको फूल फक्रेर त्यही देहबाटै बुद्धत्व प्राप्त होओस् । बोधिज्ञान प्राप्त गरी यावत् समयसम्म निर्माणकायको माध्यमबाट समस्त प्राणीहरूको उद्धार गर्न सकूँ ।

देवधर्म चित्तनिधिको कर्णपरम्पराको गम्भीर विषयबाट सुखावती भुवनसम्बन्धी पापशोधनको विधि, श्वेत मुक्ति मार्ग यहाँ रहेको छः

हतरः भगवान् अमिताभका देवगणमा नमस्कार गर्छु ।

"यसको माध्यमबाट पाप शोधन गर्न, पहिले अगाडि दिवंगतको लास, हाडको टुक्रा, कपालको मुठ्ठा वा प्रतिबिम्बमा नाम लेखेको (वा संक्षेपमा 'ह्रीः' मात्र) राखे पनि हुन्छ । सानो प्लेटमा तोर्मा ३ वटा वा एउटा भए पनि हुन्छ । त्यस्तै पिण्ड र दियो एक वा तीनवटा, कालो तिल, मूल सस्य (अन्न), बालुवा तथा कामगुण आदि सजाउनु ।

पहिले सुखावतीको पूजा गर्दा कलशमा देवगणको ध्यान गरी धेरै जप गर्नु र आलम्ब-आश्रयमा जल

सिक्त गरी यसो भन्नुः”

औं कतिभनय हूँ फट् (तीन पटक)।

औं स्वभावादि मन्त्रद्वारा आफ्ना अगाडि दिवंगत फलानो जीवितभैँ प्रकट होऊन्।

नमो त्रिरत्न तथा त्रिमूल (गुरू, इष्टदेव, डाकिनी) को सत्यले फलानोको विज्ञान (चित्त) जहाँ भए पनि–माथि, तल वा बीच–त्यहाँबाट यहाँ रूप, नाम र हाडमा प्रकट होऊन्। वज्र अङ्कुश जः। (तीन पटक वाचन गर्नु)

यसपछि तोर्मा र दियो सजाएको जल छर्केर–

भ्रूँबाट उत्पन्न रत्नभाँडामा तोर्मा आफ्ना-आफ्ना चित्तअनुकूल अपार सम्पत्तिमा परिणत होऊन्। ॐ आः हूँ।

हूँः दिवंगतका लागि–जीवितका मार र मृत्युका अन्तकहरू–तिमीहरूले यो तोर्मा ग्रहण गरी यस दिवंगतलाई मुक्तिको मार्गमा बाधा नगर।

यदि नमानेर बाधा पुऱ्याएमा म देवताको अहं प्रकट गरी तिमीहरूलाई नष्ट गर्नेछु। अतः यहाँ नबस, बाहिर जाऊ।

**तोर्मा दायाँबाट घुमाउँदै**

नमः सर्वतथागत अवलोकिते ॐ सम्भार सम्भार हूँः

भनी वाचन गरी तोर्मा प्लेटमा राख्नु। यसरी तीन पटक गर्दा शान्त शोधन हुन्छ।

त्यसपछि दियो र पिण्डलाई जल सिक्त गरी समातेर–

हूँः दिवंगतका लागि बाधा गर्ने, आसक्ति राख्ने, सुन्ने, शङ्का गर्ने, ग्रह-विघ्न, जीवितका भार तथा मृत्युका अन्तकहरू–तिमीहरूले यो पिण्ड र दियो ग्रहण गरी यहाँ नबसी अन्यत्र जाऊ। यदि नमानेमा म क्रोधराजको रूपमा तिमीहरूलाई नष्ट गर्नेछु।

**पिण्ड र दियो बायाँबाट घुमाउँदै**

ॐ **सुम्भ नि-सुम्भ हूँ,** ॐ **ग्रहण ग्रहण हूँ।**

ग्रहणपाय ग्रहपाय हूँ, आनय हो भगवान् विद्याराजये हूँ फट्।

(तीन पटक वाचन गरी थालमा राख्नु।) यसरी शान्त-क्रोध मिश्रित शोधन हुन्छ।

त्यसपछि रोद्र (उग्र) शोधनः

हूँः म समाधिको प्रभाले दशै दिशा व्यापी सुखावती भुवनमा परिणत गर्दछु। त्यसबाट निस्केको प्रकाशले दिवंगतलाई अहित गर्ने शक्तिहरू हटून्।

“ॐ सुम्भ नि-सुम्भ ...” (३ पटक वाचन गरी बालुवा छर्नु)

**सीमा काटी रक्षा गर्ने**

हूँः माथि वज्रभवन, तल वज्रभूमि र बीचमा वज्रशाला होऊन्। अग्निज्वालाले सुरक्षित भई कसैले भङ्ग गर्न नसकोस्।

ॐ **वज्र नामि रक्षा हूँ।**

अगाडि आगो, पानी, तिल सजाई–दिवंगतको मुटुमा रहेको पापावरण कालो बिन्दुमा लीन भई ‘पापराज’ (बिच्छी) को रूपमा प्रकट भएको कल्पना गर्नु। वायु चल्दा नाभिबाट अग्नि उत्पन्न भई नाकबाट बाहिर निस्केर तिलमा विलीन होओस्।

अग्निमा वज्र डाकिनी–नीलो वर्ण, वज्र र घण्टी धारण गरेकी–द्वारा पापराज दहन भएको ध्यान

गर्नु ।

(तिल दायाँ-बायाँ नौ पटक घुमाई आगो र पानीमा राख्नु)

**मन्त्र**

ॐ वज्र डाकिनी खा खा खाहि। सर्वपापं दहन भस्मं कुरूये स्वाहा।

**देवता स्नान विधिः**

**कलश हातमा लिएरः**

हूँः म सुगन्धयुक्त जलले अमिताभको कायमा स्नान चढाउँछु। देवतामा मैलो नभए तापनि पापावरण शुद्ध होओस्।

ॐ सर्वतथागत अभिषेकते समये स्वाहा।

**त्यसपछि वस्त्र अर्पण**

हूँः कोमल सुगन्धयुक्त वस्त्रले अमिताभको काय पुछ्छु। दुःखबाट मुक्ति होओस्।

हूँः काषाय वस्त्र अर्पण गर्दछु–तेजप्रभा वृद्धि होओस्।

ॐ **वज्र वस्त्र आः हूँ।**

**दिवंगत स्नान ध्यानः**

कलशको जलद्वारा दिवंगतलाई स्नान गराउँदा–

पापावरण शुद्ध होओस्, तीन दोष (राग, द्वेष, मोह) नष्ट होऊन्।

षड्पारमिताको जलद्वारा छ प्रकारका मल शुद्ध भई गुण विकसित होऊन्।

छ नदीको जलले स्नान गर्दा छ प्रकारका वासनाहरू शुद्ध होऊन्।

छ सुगन्ध जलले स्नान गर्दा छ प्रकारका दोष नष्ट भई गुण सम्पन्न होऊन्।

यसरी सबै बुद्धहरूको पूजा गर्दै श्रद्धापूर्वक स्नान अर्पण गर्छु।

ॐ अमिदेव ह्रीः दिवंगतको पापावरण सबै शुद्ध-विशुद्ध होऊन्, स्वाहा।

(पदको बीच-बीचमा उक्त मन्त्र वाचन गर्दा ऐनामा प्रतिबिम्ब धुनु।)

यसपछि विष शोधन गरी विनष्ट गर्न बालुवा लिएर यसरी वाचन गर्नु–

हूँः दिवंगत, तिम्रा तीन विष, पाँच विष र आठ विषका आवरणहरू अमिताभका देवगणले शोधन गरी विशुद्ध पारून्। काम, क्रोध (रिस) र अज्ञान– यी तीन लोकका तीन विष हुन्। त्रिरत्नमा विष नभएकाले त्रिरत्नको सत्यद्वारा यी विषहरू विनाश होऊन्।

ॐ अमिदेव ह्रीः दिवंगतको तीन विषको आवरण सर्व शान्तिङ् कुरूये स्वाहा।

(भनी वाचन गरी बालुवा छर्नु।)

एउटा प्लेटमा माटो, आगो, पानी र कलशको कुश लिएर–

चार महाभूत विषका पिता पनि हुन् र माता पनि। सत्यवचनद्वारा दिवंगतको विष विषरहित होओस्।

**प्रतिमालाई घुमाएर वायु फुक्दैः**

ॐ अमिदेव ह्रीः दिवंगतका भूत तथा महाभूतबाट उत्पन्न विष सबै शान्त होऊन्, स्वाहा।

(भनी स्नान गरेको थालमा राख्नु।)

बुद्धका पुण्यशक्ति र देवताहरूको सदाशयले–

तिम्रो कामना जे हो, त्यो अहिल्यै सिद्ध होओस् ।

दुई खुट्टे सबै सुखी होऊन्, चार खुट्टे सबै सुखी होऊन् ।

सबै प्राणीहरू मार्गमा स्थिर भई सधैँ सुखी रहून्– दिनमा, रातमा र सदा ।

तिमीलाई कुनै पाप नलागोस् ।

(अक्षता र फूल छर्दै)

दिवंगत सबै प्रतिकूल पक्षबाट विजयी होऊन् ।

धर्मदेशना र उपदेश

हूँः दिवंगत फलानो, तिमी लोकको भ्रममा परेकोले लोकनाथ छ महामुनिमा प्रार्थना गर–मुक्ति प्राप्त हुन्छ ।

ॐ **मणि पद्मे हूँ ।**

(आफन्त भए ढोग लगाउनु, दिवंगतले नै ढोगेको भावनासहित)

अहो सम्बुद्ध अनन्ताभ (अमिताभ), महाकरूणिक तथा शक्ति प्राप्त (वज्रपाणि) लगायत अपार बुद्ध-बोधिसत्वहरूमा दिवंगत विनम्र चित्तले प्रणाम गर्दछ । सुखावतीमा जान मार्गदर्शन दिनुहोस् ।

षड्क्लेश त्यागी सुखमा स्थित भएका, षड् पारमिताको धर्मदेशना गर्ने षड्मुनिमा प्रणाम गर्दछु । छ गतिको जन्मचक्र रोकिदिनुहोस् ।

(गुरूको अनुकरण गर्दै सकेसम्म ढोग लगाउनु)

शरण गमन र बोधिचित्त

नमो त्रिरत्न तथा त्रिमूल (देव) शरण्यजनमा शरण जान्छु ।

सबै प्राणीलाई बुद्धत्वमा पुऱ्याउन परम बोधिचित्त उत्पन्न गर्छु ।

(तीन पटक वाचन गर्नु)

फूल, मन्त्रावली तथा हस्तचिह्नबाट हिमपात झैँ वर्षिएर दिवंगतमा प्रवेश होऊन् ।

हूँः सुखावती भुवनका सम्पूर्ण देवगणलाई यस स्थानमा आह्वान गर्दछु । महाआशीर्वाद प्रदान गरी यस श्रद्धालु दिवंगतलाई अभिषेक दिनुहोस् र विघ्न-बाधा हटाइदिनुहोस् ।

(घण्टी बजाउँदै मन्त्र ३-७ पटक वाचन गर्नु)

ॐ **अमिदेव ह्रीः वज्र**

**अभिषेक विधि**

**कलश हातमा लिएरः**

हूँः दिवंगत शिष्य, सुन । यो कलश बाह्य रूपमा रत्नकलश भए तापनि भित्र रत्नमणिमय मन्दिर हो, जसमा बुद्ध तथा सुखावतीका देवगण विराजमान छन् । त्यसबाट प्रसाद वर्षा भई तिम्रो शरीरमा प्रवेश गरी चार अभिषेक पूर्ण होऊन् ।

ॐ अमिदेव ह्रीः काय, वाक्, चित्त सर्व अभिषिञ्च ह्रीः (३ पटक)

भोजन अर्पण (चाहेमा)

नमो देव पञ्चये ।

भोजन अर्पण गर्दा–

चित्तअनुकूल भाँडामा मासु, फेमर, जाँड, चिया आदि ज्ञान-अमृतस्वरूप होऊन् ।

ॐ वज्र स्फरण ।

अन्तराभवका प्राणी गन्धबाट तृप्त हुने हुँदा

जलसिंचन गरी वाचन गर्नु–

दिवंगत कुलपुत्र, पूर्वजन्मका ऋण र प्रेतयोनि टार्न यो अर्पण त्रिमूल देवताको सत्यद्वारा तिमीलाई प्राप्त होओस् ।

सर्वतथागत हूँ ।

अष्टमङ्गल अर्पण

हे दिवंगत फलानो, मैले अष्टमङ्गल चिन्ह प्रदान गरेझैँ तिमीलाई मङ्गल प्राप्त होओस् ।

अष्टमङ्गलम् हूँ ।

**सप्तरत्न अर्पण**

अहो कुलपुत्र, मैले अर्पण गरेको सप्तरत्न प्राप्त गरी चक्रवर्ती राजाजस्तै सम्पन्न होऊ ।

रत्न मङ्गलम् हूँ ।

**डाकिनी अर्पण**

चार वर्ग डाकिनीको कृपाले तिमीले चार आनन्द अनुभूति गरी वज्रधरको भूमि प्राप्त गर ।

ॐ बुद्ध वज्र रत्न पद्म कर्म हरिनिस मङ्गल हूँ ।

**अन्तिम उपदेश**

हे दिवंगत कुलपुत्र, यो अन्तिम भोजन हो– यसलाई श्रद्धापूर्वक ग्रहण गर ।

दान पारमिता पूर्ण गरी अक्षय गगन-कोशमा सम्पत्ति भोग गर ।

जीवितप्रति आसक्ति नराख, मरणप्रति पनि आसक्ति नगर ।

सुखावतीको शुद्ध भुवनतर्फ गमन गर ।

ॐ आः है स्वाहा । लम्भत भद्रयय अलिकति तल-तल अर्थ प्रकट होः (३ पटक) ।

यसपछि दियो अगाडि राखेर, आगोलाई दियोको रूपमा सम्झेर–दियो पद्मं र चन्द्रमाथि घिउ अर्पण गर्नु । मन्त्रावली दायाँबाट घुमेको, सलेदो ह्रीःकार रातो वर्णमा पञ्चज्ञानको अग्नि बल्दा दिवंगतका पाँच विषका पापावरण र अशुद्ध पाँच स्कन्ध दहन भई पवित्र अमिताभको काय शुभलक्षण र अनुव्यञ्जनले युक्त होऊन् ।

हूँः यो आगोको मूल नीलो–वज्रसत्त्वको ज्ञानाग्नि हो । त्यस माथिको रातो अग्नि–अमिताभको ज्ञानाग्नि हो । आगोको कम्मर पहेँलो–रत्नसम्भवको ज्ञानाग्नि हो । त्यसपछि आगोको सेतो भाग–वैरोचनको ज्ञानाग्नि हो । आगोको टुप्पो कालो–अमोघसिद्धिको ज्ञानाग्नि हो । यो जिन (पञ्चबुद्ध) को आगो हो ।

पञ्चज्ञानको अग्निरसले तिम्रो पञ्चस्कन्ध दहन गर्दा पाँच विष सधैँका लागि शुद्ध भई पञ्चज्ञानकाय प्राप्त होओस् ।

ॐ हूँ **नै ही आः ।**

(तत्काल दिवंगतको नाम अंकित चित्र दियोमा ध्यान दिई अनुभूति-दर्शनको भावले दहन गर्नु ।)

**मार्गदेशना**

यसपछि दिवंगतलाई अमिताभको रूपमा सम्झी पश्चिमतर्फ मुख फर्काएर अगाडि अन्तरिक्षधातुमा चन्द्रासनमा बसिरहेको कल्पना गर्नु–

हूँः दिवंगत, तिमी पश्चिम दिशा सुखावती भुवनमा जाऊ–जहाँ लाभ र गुण धेरै छन्, पवित्र स्थान त्यही हो । दक्षिण-पश्चिमतिर राक्षसहरूको देशमा गुरू पद्मसम्भव बस्नु भएको छ–त्यहाँ जन्म

सजिलो भए पनि गुण कम छन् ।

अरू बुद्धका भुवनहरू पनि छन्, तर ती सबै छोडी सुखावती भुवनतर्फ जाऊ ।

आफ्नो नाकको प्वालबाट वायु तीव्र गतिमा चली अन्तरिक्षको चन्द्रमण्डलमा पुग्दा त्यहाँ तिम्रो विज्ञान अमिताभको रूपमा प्रकट हुन्छ । त्यसपछि बाण हानेझैँ सीधै सुखावती भुवनतर्फ जाऊ । फट् ।

**अष्टमङ्गल अभिषेक**

सुखावती भुवनको अभिषेक परिशिष्ट (वृहत् अभिषेकबाट उद्धृत)ः

हूँः मङ्गल छत्रले अभिषेक गर्दा, शिष्य कुलपुत्र तिमी धर्मचक्र प्रवर्तन गर्न सक्ने अधिकारले युक्त भई आयु वृद्धि होओस् ।

ॐ अभिदेव ह्रीः अभिषिञ्च हूँ ।

हूँः मङ्गल कलशले अभिषेक गर्दा सर्वधर्म अवबोध गर्ने अधिकार प्राप्त गरी आयु वृद्धि होओस् ।

ॐ अभिदेव ह्रीः अभिषिञ्च हूँ ।

हूँः मङ्गल श्रीवत्सले अभिषेक गर्दा प्राणीहरूको दुःख निवारण गर्ने क्षमता प्राप्त होओस् ।

ॐ अभिदेव हीः अभिषिञ्च हूँ ।

हूँः मङ्गल विजयध्वजले अभिषेक गर्दा अविनाशी आयु प्राप्त होओस् ।

ॐ अभिदेव ह्रीः अभिषिञ्च हूँ ।

हूँः चक्ररत्नले अभिषेक गर्दा धर्मचक्र प्रवर्तन गरी आयु-विद्याधर प्राप्त होओस् ।

ॐ अभिदेव ह्रीः अभिषिञ्च ।

हूँः चिन्तामणि रत्नले अभिषेक गर्दा सबै इच्छा पूर्ण भई आयु-विद्याधर प्राप्त होओस् ।

ॐ अभिदेव हीः अभिषिञ्च हूँ ।

हूँः मन्त्रीरत्नले अभिषेक गर्दा संसारलाई अधीनमा राख्ने शक्ति प्राप्त होओस् ।

ॐ अभिदेव ह्रीः अभिषिञ्च हूँ ।

हूँः स्त्रीरत्नले अभिषेक गर्दा चार आनन्द प्रकट भई आयु-विद्याधर प्राप्त होओस् ।

ॐ अभिदेव हीः अभिषिञ्च हूँ ।

हूँः हस्तिरत्नले अभिषेक गर्दा महान् प्रताप प्राप्त होओस् ।

ॐ अभिदेव हीः अभिषिञ्च हूँ ।

हूँः अश्वरत्नले अभिषेक गर्दा महान् शक्ति प्राप्त होओस् ।

ॐ अभिदेव हीः अभिषिञ्च हूँ ।

हूँः गृहपतिरत्नले अभिषेक गर्दा शत्रु-विघ्न परास्त गरी आयु-विद्याधर प्राप्त होओस् ।

ॐ अभिदेव हीः अभिषिञ्च हूँ ।

**मङ्गलम्**

देवधर्मको चित्तनिधिबाट सुखावती भुवनमा सङ्क्रान्ति हुने उपदेश विस्तारमा भए पनि यहाँ संक्षेपमा राखिएको छः

दिवंगत यस लोकबाट प्राण छुट्नासाथ अर्को जन्ममा कुनै बाधा नआई सुखावतीमा जन्म लिई अमिताभको मुखमण्डल दर्शन गर्न पाओस् ।

यो मेरो प्राणिधान दशै दिशाका बुद्ध-बोधिसत्वहरूले निर्विघ्न सिद्ध गरून् ।

तद्यथाः पञ्चेन्द्रिय अवबोधनये स्वाहा ।

(यो प्राणिधान ३, ५ वा ७ पटक मधुर लयमा वाचन गर्नु ।)

अहो, अति आश्चर्यजनक अमिताभनाथ, महाकरूणिक तथा महाशक्ति प्राप्त वज्रपाणिमा दिवंगत एकाग्र चित्तले अभिवादन गर्छु। विज्ञान सुखावती भुवनमा सङ्क्रान्ति हुन आशीर्वाद दिनुहोस् ।

हाय दिवंगत कुलपुत्र, यो संसारमा काम-राग नगरी सन्देश अलिकति पनि नलिई सुखावती भुवनमा जाने काम गर । फट्, फट्, फट् ।

भनी वाचन गर्दा अमिताभ हाँसिरहेका झैँ सुखावती भुवनमा पाल्नु भएको भावन गर्नुपर्छ। दुर्गतिका दुःख भोग गर्न नपरी, आदि कमलमा हिलो नलागेझैँ भन्ने आदि पाठहरू वाचन गर्नुपर्छ ।

त्यसरी अरूलाई उपदेश दिँदा जस्तै धन-सम्पत्ति प्राप्त गर्ने इच्छा नगरी मैत्री र करूणाले सबैलाई सङ्क्रान्तिको उपदेश सुनाए लाभ-गुण असत्ँय प्राप्त हुनेछन् । तथापि सङ्क्रान्तिको लक्षण पटकै नदेखिए पनि विज्ञान सञ्चार भइसकेको हुनसक्छ ।

एक क्षण ढिलो वा खाने समयभन्दा नबस्ने भएकाले बाह्य सब टुटेको समयमा सङ्क्रान्तिको उपदेश दिने गुरू आइपुग्दा चित्तले आलम्बन गर्दै नौ द्वार बन्द गर्ने आदि गर्नु। उद्धार गर्ने आदि नगरी बुद्धका शुभनाम र प्राणिधानहरू लामो समयसम्म पाठ गर्ने गरे उपदेश लाग्ने निश्चित छ ।

दिवंगत विज्ञान चित्तलाई देवाचन महासुखावती भुवन प्राप्तिका लागि यहाँ केही हदसम्म मात्र व्याख्या गरिएको छ। यसै पुस्तकमा अझै समावेश गर्नुपर्ने स्कन्धहरू धेरै छन् ।

त्यसमध्ये सुखावती भुवनमा लाश दहन गर्ने पूजा विधि, दुर्गतिका स्थानबाट गर्ने दुःखको पोखरी सुकाएर नित्य सुख प्रज्वलित गर्ने पाठ, दक्ष सिद्धि, राग-असुर चित्त विशुद्ध गर्ने सुखावती भुवनको प्राणीध्यान, देवधर्म चित्तनिधिबाट सुखावती भुवनको टीकाटिप्पणी तथा विस्तृत सङ्क्रान्ति उपदेश यहाँ समावेश गरिएको छैन ।

त्यति मात्र होइन, यहाँ अन्तराभाव (ष्लतभचकभमष्बतभ कतबतभ) सम्बन्धी पाठ पनि दिवंगत विज्ञान चित्तका लागि सुरू देखि ४९ दिन वा सातौं हप्ता सम्म दैनिक रूपमा गर्न सके अत्यन्त उत्तम हुनेछन् ।

**तीमध्येः**

- शान्ति र मुक्तिको गहन धर्म पाठ
- वज्रधारा पाठ
- शान्ति-क्रोध गहन धर्म मुक्ति
- बुद्ध र बोधिसत्वहरूको प्रार्थना
- भयमुक्ति पाठ
- अन्तराभवको परिचय
- ४२ शान्त देव र ५८ क्रोध देवको पूजा
- ८४ जुनी नपर्ने पाठ
- १३ जन्मस्थान पार गरी देवाचन महासुखावती भुवन जाने पाठ
- अवलोकितेश्वरको महान करूणा ध्यान
- छ लोक जन्म नलिने उपदेश
- षडाक्षरी मन्त्र साधना
- मृतकलाई अमृत वर्षा दिने पाठ
- गुरू रिन्पोछे सभा पाठ

- धर्मपाल र डाकिनीहरूको पाठ

यी सम्पूर्ण अभ्यास गरे मात्र महासुखावती पवित्र भुवन देवाचन प्राप्त गर्न सम्भव हुन्छ।

यी सबै पाठ सुरू गर्नु अघि अनिवार्य रूपमा गर्नुपर्ने कुराः

कुनै पनि धर्मगुरूले कुन बुद्ध वा इष्टदेवको पूजा गर्ने हो, सोही अनुसार किलखोर मण्डल विधिपूर्वक राम्रोसँग सजाउनुपर्छ।

साथै दिवंगतको चित्तले चाहेका वा इच्छा गरेका कुराहरू कर्ता परिवारसँग सहकार्य गरी धर्म र संस्कार अनुसार पूरा गर्नुपर्छ, ताकि दिवंगतलाई प्रसन्न बनाई देवाचन महासुखावती भुवनको मोक्षमार्ग देखाउन सकियोस्।

दिवंगतको चित्त कहीं अड्किन, भड्किन वा विचलित हुन नदिन विशेष ध्यान दिनुपर्छ।

त्यसपछि लामाले मन्त्र उच्चारण गरी श्रोतालाई शुद्धिकरण र शक्तिवृद्धि गराउने, किलखोरमा सजाइएका तोर्मा, प्रसाद, बाजागाजा आदिको मन्त्र गरी शरीर, वचन र चित्तको शुद्धि र सिद्धि गर्नुपर्छ।

त्यसपछि किलखोरमा उपस्थित सबै बोधिसत्व देवगणलाई दशै दिशाबाट आह्वान गरी आमन्त्रण गर्नुपर्छ।

विघ्न बाधा नआओस् भनी बुद्धको अष्टश्लोक पाठ, सात शाखा पाठ र द्वादश स्तुति वाचन गरी प्रार्थना गर्नुपर्छ।

त्यसपछि भेटी अर्पण गरी इष्टदेव, गुरू र रत्नमण्डल अर्पण गर्नुपर्छ।

त्यसपछि गुरू प्रार्थना गरी साई, सेरलेम, ठुईसोल आदि गर्नुपर्छ।

सबैभन्दा महत्वपूर्ण रूपमा सम्पूर्ण ब्रह्माण्डका बुद्ध, बोधिसत्व, देवगण, धर्मपाल र डाकिनीहरू तथा दिवंगतलाई आह्वान गरी किलखोर मण्डलमा विराजमान गराउनुपर्छ।

त्यसपछि मात्र लामाले सम्बन्धित इष्टदेव अनुसार पाठ प्रारम्भ गर्नुपर्छ।

अन्तमा सम्पूर्ण देवगण, धर्मपाल, डाकिनी तथा दिवंगतलाई छोग प्रसाद अर्पण गरी मार्गप्रणिधान, आरती, आशीर्वाद, कृतज्ञता ज्ञापन गर्दै अन्तिम डोपा समर्पण गर्नुपर्छ।

(दोर्जे लोपेन, बज्राचार्य धर्म लामा गुरूङ (रिनछेन दोर्जे लिङ्गा), देवचन बौद्ध बुद्धिष्ट सेन्टर, युकेका संस्थापक, संरक्षक, अध्यक्ष एवं प्रमुख लामा तथा अन्तर्राष्ट्रिय तामताशी पैतृक लामा समन्वय परिषद्का पनि तथा अध्यक्ष हुन्।)

## बुद्धजयन्ती शुभकामना !

Buddhism Digital Library, Inc., USA ले २५७०औं बुद्धजयन्तीको पावन अवसरमा, बुद्धको शान्ति सन्देशलाई डिजिटल प्रबिधि मार्फत संसार भरिका बौद्धमार्गीहरूको हातहातमा पुऱ्याउने उद्देश्यले डिजिटल उपहार प्रकाशन गर्न लागेको खबर सुन्न पाउँदा अत्यन्तै खुसी लागेको छ।

आज २५७०औं बुद्धजयन्ती अर्थात् पुण्य भूमि लुम्बिनीमा गौतम बुद्धको जन्म, बुद्ध गयामा बोधिलाभ र कुशी नगरमा महापरिनिर्वाण भएको पावन अवसर हो। यी तीनै किसिमका घटनाहरू बैशाख पूर्णिमाकै दिनमा भएका हुन्। यसलाई त्रिशंकु पनि भन्दछन्। बौद्धमार्गीहरूको लागि यो पावन अवसर अत्यन्तै महत्वपूर्ण र पुण्यतिथि मानिन्छन्।

**बुद्धजयन्ती पर्व संसार भरी मनाइन्छन्। बौद्धमार्गीहरूले आ-आफ्नै मौलिक संस्कृति अनुसार मनाउने गर्दछन्। भगवान बुद्धको करूणाले सबैको कल्यान गरून् !**

२५७०औं बुद्धजयन्तीको पावन अवसरमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुस्वास्थ, सुख, शान्ति, उन्नति, प्रगति, समृद्धि तथा दीर्घायूको लागि हार्दिक मंगलमय शुभकामना !



**सुबेदार खेमजङ गुरुङ**
**स्वतन्त्र लेखक**
उमे लिपिको अभियन्ता तथा सामाजिक कार्यकर्ता





२५७०औँ बुद्ध जयन्तीको पावन अवसरमा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना।

भगवान बुद्धले दिनुभएको सत्य, अहिंसा, करुणा, मैत्री र सहिष्णुताको सन्देशले हामी सबैलाई शान्ति, सद्भाव, एकता र मानवताको मार्गमा बढ्न प्रेरणा प्रदान गरोस्।

यस पवित्र अवसरले सम्पूर्णमा सुख, शान्ति, समृद्धि र आपसी सद्भाव फैलियोस् भन्ने कामना गर्दछु।



Khum Gurung (Raju)
President
NRNA NCC USA
Massachusetts chapter

# परिवर्तनकी संवाहक मच्छेदेवी गुरूङ

● बिडिएल

नेपालको दुर्गम क्षेत्र सोलुखुम्बुको बिकट गाउँ मुक्लीको मैदेलमा जन्मेकी मच्छेदेवी गुरूङको जीवन संघर्ष, शिक्षा, समर्पण र उपलब्धिको प्रेरणादायी यात्रा हो। बाल्यकालमा रेडियोबाट मान्छे बोलेको सुन्दा "सानो भाँडोभित्र मान्छे कसरी बोल्छ?" भन्ने जिज्ञासाले उनलाई अचम्मित बनाउँथ्यो। त्यही जिज्ञासाले पछि उनलाई सञ्चार माध्यमसँग जोड्दै समाज परिवर्तनको यात्रातर्फ डोऱ्यायो।



● मच्छे देवी गुरूङ

रेडियो सगरमाथासँगको संलग्नताले उनको जीवनमा निर्णायक मोड ल्यायो। त्यहीँबाट उनले आफ्नो मात्र होइन, आवाजविहीन महिलाहरूको आवाज बुलन्द गरिन्। "जहाँ इच्छा, त्यहाँ उपाय" भन्ने विश्वासकासाथ उनले महिलाका मुद्दालाई राष्ट्रिय बहसको केन्द्रमा ल्याउने अभियान सुरू गरिन्। पाँच वर्षसम्म रेडियो



कार्यक्रम सञ्चालन गर्दै उनले गरिब, सिमान्तकृत तथा विविध समुदायका महिलाहरूको सहभागिता अभिवृद्धि गर्ने उद्देश्यसहित निरन्तर पैरवी गरिन्। शिक्षा, स्वास्थ्य, खानेपानी र बन उपभोक्ता समितिमा महिलाको सहभागिता सुनिश्चित गर्न उनले सञ्चालन गरेको अभियानले उल्लेखनीय परिणाम दिएको छ। विशेषताः वन उपभोक्ता समितिमा महिलाको उपस्थिति उल्लेखनीय रूपमा बढेको छ।

गाउँकै विद्यालयबाट एसएलसी पुरा गरे पछि उच्च शिक्षा अध्ययनका लागि राजधानी काठमाडौं प्रवेश गरेकी गुरूङले रत्न राज्यलक्ष्मी क्याम्पसमा आईए अध्ययनसँगै काम पनि सुरू गरिन्। पढाइ र काम सँगसँगै अघि बढाउँदा, महिला अधिकार र बालिकाको शिक्षाप्रति सचेतना बढ्दै गयो। यही क्रममा उनले महिलाको आवाज उठाउने प्रभावकारी माध्यम सञ्चार हो भन्ने बुझिन्। त्यसैले, नेपाल प्रेस इन्स्टिच्युटबाट १० महिनाको पत्रकारिता तालिम पूरा गरिन।




उनको औपचारिक र व्यावसायिक शिक्षा समाजशास्त्र तथा मानवशास्त्र (स्नातकोत्तर त्रिभुवन विश्वविद्यालय), कानून (स्नातक) र आदिवासी शिक्षा तथा विकास (स्नातकोत्तर काठमाडौं विश्वविद्यालय) सम्म विस्तार भएको छ। शिक्षालाई उनले महिला सशक्तिकरणको आधार मानेकी छन् र बालिका तथा महिलाका लागि गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चित गर्न निरन्तर वकालत गर्दै आएकी छन्।

कान्तिपुर राष्ट्रिय दैनिकमा इन्टर्नसिप गर्दै एन्टेना फाउन्डेसन, रेडियो सगरमाथा, समकोण टेलिभिजन, एभरेष्ट टाइम्स हुँदै हाल अमेरिकामा आधारित सञ्चार माध्यमसम्म उनको पत्रकारिता यात्रा निरन्तर अघि बढेको छ। रेडियो सगरमाथामा रहँदा उनले महिला अधिकार, राजनीतिक सहभागिता, स्वास्थ्य, शिक्षा, रोजगारी, हिंसा विरूद्ध, बेचबिखन तथा सशक्तिकरणका विषयमा केन्द्रित रही ४ सयभन्दा बढी रेडियो कार्यक्रम निर्माण गरिन्। विविध समुदाय– आदिवासी, दलित, मधेसी, मुस्लिम, अपांगता भएका तथा अन्य सिमान्तकृत महिलाका मुद्दालाई अलग-अलग रूपमा उठाउँदै उनले समावेशी

पत्रकारिताको अभ्यास स्थापित गरिन्।

उनको निरन्तर वकालत र अभियानले राज्यका संरचनामा महिलाको सहभागिता बढाउन योगदान पुऱ्यायो। जसको परिणाम स्वरूप संविधानसभा र व्यवस्थापिका संसदमा करिब ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित भयो। जुन दक्षिण एशियामै महत्वपूर्ण उपलब्धि भएको मानिन्छ।

यसका साथै सामाजिक प्रभावका साथसाथै उनले संस्थागत नेतृत्व र निर्णय प्रक्रियामा पनि महत्वपूर्ण भूमिका निर्वाह गरेकी छन्। नेपाल अमेरिका पत्रकार संघ (नेजा) मा उनी कार्यसमिति सदस्य, कोषाध्यक्ष र उपाध्यक्षका रूपमा कार्यरत रहिन्। त्यस्तै, विभिन्न संघसंस्थाहरूमा उनले निर्णायक (Judge), निर्वाचन आयुक्त (Election Committee Member) तथा मिडिया कोअर्डिनेटरको जिम्मेवारी निर्वाह गरेकी छन्। फिप्नाको आठौं राष्ट्रिय अधिवेशनमा पनि उनले निर्वाचन आयुक्तको भूमिका निर्वाह गरेकी थिइन्।

उनको योगदानको कदर गर्दै बिभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरूले सम्मान तथा पुरस्कार प्रदान गरेका छन्। नेपाल आदिवासी जनजाति महासंघ अमेरिका (FIPNA) न्यूयोर्कले ३१औं विश्व आदिवासी दिवसका अवसरमा उनलाई सम्मान गरेको छ। त्यस्तै, नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) ले "फोनिज राष्ट्रिय पत्रकारिता प्रवास अवार्ड २०८२" प्रदान गरी उनको योगदानलाई उच्च मूल्यांकन गरेको छ। साथै, बिभिन्न संस्थाहरूबाट प्रशंसापत्र र अवार्ड प्राप्त गरेका छन्।

गुरूङको कामको सम्मान स्वरूप बिभिन्न संघसंस्थाले सम्मान गर्दा आफूलाई हौसला र प्रेरणा मिल्ने बताउँछिन्। यस्ता सम्मान र पुरस्कारले आफुलाई अझ पेशाप्रति इमान्दार भएर अघि बढ्न उर्जा दिने उनको अनुभव छ। २०२३ मा नेपालिज्म डटकमले हरेक बर्ष घोषणा गरेको परिवर्तनको संवाहकको रूपमा गुरूङ सम्म्मानित भएका थिए। त्यसो त गुरूङले २०२५ मा नेपाल अमेरिका पत्रकार सघं (नेजा) एनआरएनए पुरस्कार छनौट समितिमा निर्णायकको रूपमा काम गरिसकेकी छन्। उनले आदिवासी जनजाति महासंघ अमेरिका (फिप्ना) न्यू योर्कले आयोजना गरेको नेपाल इन्डिजिनियस फिल्म फेस्टिबल एण्ड निफ अवार्ड २०१८ मा निर्णायकको भूमिका निभाइसकेकी छन्। उनले नेपाली आदिवासी जनजातिको भाषा, धर्म, संस्कार, संस्कृति र पहिचानलाई संवर्द्धन, प्रवर्द्धन गर्ने उद्देश्यले फिप्नाले आयोजना गरेका






फिल्म फेस्टिबल तथा निफ अवार्डमा मिडिया कोअर्डिनेटरका रूपमा समेत काम गरिसकेकी छन् । फिप्नाको २०२१मा भएको आठौं राष्ट्रिय अधिवेसनमा गुरूङले निर्वाचन आयुक्तको रूपमा समेत काम गरिसकेकी छिन् ।

नेपालमा रहँदा गुरूङले (तमू) गुरूङ सञ्चारकर्मी संघले प्रदान गर्ने पुरस्कार छनौट समितिमा निर्णायकको भूमिका निभाएकी थिइन् । गुरूङले नेपाली डायस्पोरामा रहेर महिला अधिकार, आदिवासी जनजातिको भाषा, धर्म, संस्कार, संस्कृति, पहिचान र आदिवासीको जीवनशैलीलाई संवर्द्धन गर्न र आदिवासी हक हितको लागि सञ्चारको माध्यमबाट समुदायलाई योगदान गरेको भन्दै बिभिन्न सामाजिक संघसंस्थाले सम्मान समेत गरेको छ । द पब्लिक एडभोकेट फर सिटी अफ न्यू योर्कले (तमू) गुरूङहरूको तमू ल्होछार २०२३मा गुरूङलाई सम्मान गरेको थियो । एभरेष्ट टाइम्सको १०औं वार्षिकोत्सवमा न्यू योर्क सिटी काउन्सिल मेम्बर कोष्टा कोष्टान्टिनिडेजले साइटेसन प्रदान गरेको थियो । पत्रकारितामार्फत आदिवासी समुदायलाई योगदान गरेकोमा गुरूङलाई तामाङ सोसाइटी अफ अमेरिकाले डम्फु साँझ २०१८ मा सम्मान गरेको थियो । महिला हिंसा बिरूद्ध समाचार प्रकाशन तथा प्रसारण गरेको भन्दै नेपाल स्थित बेलायत राजदुतावास, महिला मानव अधिकार रक्षकहरूको राष्ट्रिय सञ्जाल र ओरेक नेपालको समन्वयमा २०१२ मा गुरूङसहित १५ जना पत्रकारहरूलाई सम्मान गरेको थियो । उनी देश बिदेशमा भएका बिभिन्न तालिममा सहभागिता जनाउँदै आएकी छन् ।

अमेरिकामा रहेर पनि उनले सामुदायिक पत्रकारितामार्फत नेपाली डायस्पोराको आवाज उठाउँदै आएकी छन् । उनी न्यूयोर्कबाट सञ्चालित

अनलाइन पोर्टलमार्फत सम्पादकीय नेतृत्व गर्दै समुदाय, महिला अधिकार, भाषा, संस्कृति र पहिचान संरक्षणमा सक्रिय छिन्। साथै, एभरेष्ट टाइम्समा अतिथि सम्पादकका रूपमा योगदान दिँदै, बिभिन्न संस्थागत गतिविधिमा संलग्न हुदै, प्रवासी नेपाली समुदायको सशक्तिकरणमा महत्वपूर्ण भूमिका निर्वाह गरेकी छन्।

उनको जीवन दृष्टिकोणमा शिक्षा, समानता, सामाजिक न्याय र समावेशिता मुख्य आधार हुन्। महिलाभित्र पनि बिविधता रहेको र प्रत्येक समुदायका महिलाका समस्याहरू फरक हुने भएकाले नीति निर्माण र कार्यक्रमहरू पनि त्यही अनुरूप हुनु पर्ने उनको दृढ धारणा छ। आदिवासी जनजाति महिला, दलित, मधेसी, मुस्लिम, अपांगता भएका तथा एकल महिलाका फरक फरक चुनौतीलाई अलग अलग सम्बोधन नगरेसम्म वास्तविक समावेशिता सम्भव नहुने उनको तर्क छ। संस्कृति, भाषा र पहिचान संरक्षणका साथसाथै नयाँ पुस्तालाई आफ्नै जरा र समुदायसँग जोड्नु पर्नेमा उनको विशेष जोड छ। जल, जमिन र जंगलसँग गहिरो सम्बन्ध रहेको आदिवासी समुदायका अधिकारलाई जलवायु र न्यायसँग जोड्दै अघि बढ्नु पर्ने उनको दृष्टिकोण छ।

मच्छे देवी गुरूङको यात्रा केवल व्यक्तिगत उपलब्धि होइन। महिला अधिकार, समावेशिता, आदिवासी पहिचान र सामाजिक न्यायका लागि निरन्तर संघर्ष र योगदानको सशक्त उदाहरण हो। उनले प्राप्त गरेका शिक्षा, सम्मान, पुरस्कार, निर्णायक भूमिका र नेतृत्वदायी जिम्मेवारीहरूले उनलाई परिवर्तनको सशक्त आवाजका रूपमा स्थापित गरेका छन्।





# गुरूङ समुदायमा बौद्ध धर्मको बहुआयामिक प्रभाव

● अधिवक्ता छत्र कुमारी गुरूङ

## परिचय

नेपालमा “जाति” (caste/ethnic groups) को संख्या निश्चित रूपमा यकिन गर्न सकिने अबस्था छैन तापनि फरक-फरक आधारमा फरक रूपले गणना गरिएको पाइन्छ। केन्द्रीय तथ्यांक विभागले गरेको राष्ट्रिय जनगणना २०११ अनुसार नेपालमा १२५ जाति/जातीय समूह उल्लेख गरिएको छ। त्यसैगरी राष्ट्रिय आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ अनुसार नेपालमा ५९ आदिवासी जनजाति समुदायहरू आधिकारिक रूपमा सूचीकृत छ। तर सामान्य रूपमा नेपालको राष्ट्रिय जनगणना अनुसार करिब १२५ भन्दा बढी जातजाति (ethnic groups) रहेका छन्। भाषाको आधारमा भने करिब १२३ भाषाहरू बोलिन्छन्। गुरूङ समुदायको आफ्नै भाषा, संस्कृति र पहिचान रहेको छ।

नेपालका विभिन्न आदिवासी समुदायमध्ये गुरूङ (तमू) समुदाय एक महत्वपूर्ण र समृद्ध सांस्कृतिक पहिचान भएको समुदाय हो। गुरूङ समुदायको धार्मिक जीवनमा बौद्ध धर्मको गहिरो प्रभाव रहेको छ। बौद्ध दर्शन, आस्था, र संस्कारहरूले गुरूङ समुदायको जीवनशैली, संस्कार, तथा सामाजिक संरचनामा महत्वपूर्ण भूमिका खेलेको देखिन्छ।

गुरूङ समुदायको धार्मिक परम्परा प्राचीन कालदेखि नै प्रकृतिपूजक र बोन परम्परासँग जोडिएको मानिन्छ। पछि हिमाली क्षेत्रसँगको सम्पर्क र सांस्कृतिक आदान-प्रदानका कारण बौद्ध धर्मको प्रभाव विस्तारै गुरूङ समाजमा प्रवेश गऱ्यो।

विशेषगरी गौतम बुद्धको शिक्षाबाट प्रभावित बुद्धिजम हिमालय क्षेत्र हुँदै नेपालका पहाडी भेगमा फैलियो। त्यस क्रममा तिब्बती बौद्ध परम्परा गुरूङ समुदायमा प्रवेश गर्दै गयो। गुरूङ समुदायको उत्पत्ति हिमाली तथा तिब्बती क्षेत्रसँग जोडिएको मानिन्छ। यसै कारण उनीहरूमा बौद्ध धर्म, विशेषगरी तिब्बती बौद्ध परम्पराको प्रभाव परेको देखिन्छ। बौद्ध धर्मका संस्थापक गौतम बुद्धद्वारा प्रतिपादित करूणा, अहिंसा र मध्यम मार्गका सिद्धान्तहरूले गुरूङ समाजमा नैतिक मूल्य निर्माण गर्न महत्वपूर्ण भूमिका खेलेको पाईन्छ।

## परम्परा, संस्कार र पहिचान

गुरूङ समुदायको नेपालमा आफ्नै समृद्ध परम्परा, संस्कार र साँस्कृतिक पहिचान छ। विशेषगरी गण्डकी प्रदेश, लमजुङ, कास्की, गोरखालगायतका क्षेत्रमा बसोबास गर्ने गुरूङहरूका परम्परागत जीवनशैलीसँग गहिरो रूपमा जोडिएको पाइन्छ।

गुरूङ समुदायमा बौद्ध धर्मसँग सम्बन्धित धेरै धार्मिक परम्परा र संस्कारहरू छन्। ति मध्ये

लामा परम्परामा धार्मिक गुरूले बौद्ध मन्त्र, पूजा र संस्कार सञ्चालन गर्छन् । लामा धार्मिक गुरूका रूपमा सम्मानित हुन्छन् र मृत्यु संस्कार, जन्म, विवाह जस्ता अवसरमा लामा बोलाइन्छ र पच्यु/क्ले-शामानिक परम्परामा बौद्ध धर्मभन्दा पुरानो मानिन्छ, जहाँ प्रकृति, पुर्खा र आत्माहरूको पूजा गरिन्छ। गुरूङ समाजमा पूर्वजहरूको सम्मान गर्ने परम्परा बलियो छ। मृत्युपछि आत्माको शान्तिका लागि लामा मार्फत पितृपुजा विशेष बौद्ध विधि अनुसार गरिन्छ, जसलाई अर्घौ भनिएको पाईन्छ ।

गुरूङ समुदायको आफ्नै मौलिक पर्व, संस्कार र उत्सवहरू छन् । यी पर्वहरूले गुरूङहरूको धार्मिक आस्था (विशेष गरी बौद्ध धर्म र प्रकृतिपूजक परम्परा), सामाजिक एकता र सांस्कृतिक पहिचानलाई झल्काउँछन्। आफ्ना विशिष्ट पर्व-उत्सवमार्फत सांस्कृतिक पहिचान, धार्मिक आस्था र सामुदायिक एकतालाई अभिव्यक्त गर्दै नेपाल अधिराज्य र बिस्वमा छरिएर रहेको गुरूङ (तमु) समुदाय ले परम्परागत उत्सबको रूपमा विभिन्न पर्वहरू मनाउँदै आएको पाइन्छ। जुन यसप्रकार छन्ः

तमू ल्होसार गुरूङ (तमू) समुदायको महत्वपूर्ण र सबैभन्दा ठूलो पर्व हो, जुन नयाँ वर्षको रूपमा मनाइन्छ। यो पुस १५ गते मनाइन्छ। यस दिन गुरूङहरू परम्परागत भेषभूषा लगाएर नाचगान (जस्तैः घाँटु, सोरठी) गर्छन्, स्वादिष्ट परिकारहरू खान्छन् र परिवार तथा समुदायबीच शुभकामना आदानप्रदान गर्छन् ।

घाँटु, सोरठी नाच र रोदी घर गुरूङ समुदायको पहिचान बनेको छ। घाँटु नाच धार्मिक तथा सांस्कृतिक दृष्टिले अत्यन्त महत्वपूर्ण नृत्य हो । यो विशेष रूपमा कन्याहरूले देवी-देवताको सम्मानमा प्रस्तुत गर्छन् । यसमा आध्यात्मिक पक्ष बलियो हुन्छ र नृत्य सुरू गर्नुअघि पूजा गरिन्छ ।

सोरठी नाच गुरूङ समुदायको लोकप्रिय लोकनृत्य हो, जसमा ऐतिहासिक कथा र प्रेमकथाहरू प्रस्तुत गरिन्छ। यो सामूहिक रूपमा पुरूष र महिलाले गाउने-नाच्ने परम्परा हो ।

रोधी घरमा नाचिने नाच कुनै विशेष पर्व नभए पनि सांस्कृतिक उत्सवकै रूपमा लिइन्छ। यो युवायुवतीहरू भेला हुने, गीत-संगीत गर्ने र सामाजिक सम्बन्ध सुदृढ गर्ने स्थान हो। यसले गुरूङ समुदायको सामाजिक जीवनमा एकता कायम राख्न महत्वपूर्ण भूमिका खेल्छ। बौद्ध धर्मले गुरूङ समुदायको सांस्कृतिक पहिचान निर्माणमा महत्वपूर्ण भूमिका खेलेको छ। गुरूङ समाजको जीवनशैली, नैतिक मूल्य, तथा सामुदायिक एकतामा बौद्ध शिक्षाको प्रभाव देखिन्छ ।

अहिंसा, करूणा, र सहअस्तित्व जस्ता बौद्ध सिद्धान्तहरूले गुरूङ समुदायलाई सामाजिक रूपमा एकजुट राख्न मद्दत गरेका छन् । आधुनिक समयमा गुरूङ समुदायले आफ्नो मौलिक पहिचान जोगाउँदै बौद्ध धर्मलाई सांस्कृतिक धरोहरका रूपमा संरक्षण गर्दै आएका छन्। तमु समाज जस्ता संस्थाहरूले भाषा, संस्कृति र धार्मिक परम्पराको संरक्षणमा योगदान पुर्‍याइरहेका छन् ।

## समाजमा परेको असर

नेपालमा मात्र होइन प्रवासमा बसोबास गर्नु हुने गुरूङ समुदायहरूले झन् बढी आ-आफ्नो क्षेत्रमा

गुरूङ संघ सस्थाहरू स्थापना गरि ती तमू संघ सस्थाको मध्यमबाट गुरूङ परम्परा, सस्कृति र सस्कार कायम राख्दै बिबिध कार्यक्रम सञ्चालन गर्दै आएका छन् । जसले गर्दा प्रबासमा जन्मेका नानी बाबुहरूले पनि गुरूङ भाषा सजिलै बोल्ने गर्दछन् । उनीहरूले सजिलैसँग हामी गुरूङहरू बौद्ध धर्म मान्दछौ र बौद्ध परम्परा अनुसार हाम्रो जन्मदेखि मृत्युसम्मको सस्कार गर्दछ भन्ने कुरा बुझेका हुन्छन् । यसरी हेर्दा बौद्ध धर्मको प्रभाव देश विदेशमा रहेको गुरूङ समाजमा विभिन्न रूपमा परेको देखिन्छः

गुरूङ समुदायका प्रमुख पर्वहरू बौद्ध धर्मसँग प्रत्यक्ष रूपमा सम्बन्धित छन् । पर्व तथा उत्सवको आधारमा धेरै चाड पर्वहरू मनाउदै आएको छ, यसले गर्दा समाजमा एकता र सामुहिकताको भावाना कायम भएको छ, जस्तैः तमू ल्होसार (नयाँ वर्ष), बुद्ध जयन्ती आदि । यी पर्वहरूले धार्मिक आस्था मात्र होइन, सामाजिक एकता र सांस्कृतिक निरन्तरता पनि कायम राखेको छ ।

यसका साथै सामाजिक तथा नैतिक मूल्यमा ठुलो प्रभाव पारेको छ । बौद्ध धर्मले गुरूङ समुदायमा नैतिक मूल्यहरूको विकासमा ठूलो योगदान दिएको छ । करूणा, सहिष्णुता, अहिंसा र सामूहिक सहयोग जस्ता मूल्यहरू समुदायमा बलियो रूपमा स्थापित भएका छन् । जसले गर्दा गुरूङ समुदायमा मर्दा पर्दा समाजको तर्फबाट सामुहिक रूपमा सहयोग गर्ने चलन परम्पराको रूपमा बिकसित हुदै आएको पाईन्छायसले सामाजिक सद्भाव र सहकार्यलाई प्रवर्द्धन गरेको छ ।

बौद्ध धर्मले मानबको जीवनशैली र विश्वदृष्टिमा पनि प्रत्यक्ष्य रूपमा प्रभाव परेको पाईन्छ । बौद्ध धर्मको प्रभावले गुरूङहरूको जीवनशैली सरल, अनुशासित र आध्यात्मिक झुकावयुक्त बनाएको छ । उनीहरू प्रकृतिप्रेमी र शान्तिप्रिय हुन्छन् ।

आधुनिक समयमा उच्च शिक्षा, बसाइँसराइ र विश्वव्यापीकरणका कारण गुरूङ समुदायमा केही परिवर्तन देखिए पनि बौद्ध धर्मको आधारभूत प्रभाव भने अझै यथावत कायम छ । गुरूङ समुदायले स्थापना गरेको विभिन्न संघ सस्थाहरू मार्फत युवा पुस्तामा पनि सांस्कृतिक पहिचानसँगै धार्मिक चेतना कायम राख्ने प्रयास भइरहेको छ ।

## निष्कर्ष

गुरूङ समुदायमा बौद्ध धर्मको प्रभाव बहुआयामिक र दीर्घकालीन छ । यसले सांस्कृतिक पहिचान, सामाजिक संरचना र एकता, धार्मिक अभ्यास र नैतिक मूल्यहरूलाई गहिरो रूपमा प्रभावित गरेको छ । आधुनिक परिवर्तनका बाबजुद पनि बौद्ध धर्म गुरूङ समुदायको पहिचानको आधारस्तम्भको रूपमा रहिरहने देखिन्छ ।

## सन्दर्भ सामग्रीहरू

Gellner, D. N. (2001). The Anthropology of Buddhism and Hinduism.
Pignède, B. (1993). The Gurungs: A Himalayan Population of Nepal.
Gurung, H. (2000). Gurungs of Nepal: Traditions and Culture. Kathmandu: Nepal Foundation.
Höfer, A. (1979). The Caste Hierarchy and the State in Nepal. Universitätsverlag.
Gurung, K. (1998). Gurung Cultural Heritage. Pokhara: Local Publication.
Pignède, B. (1993). The Gurungs: A Himalayan Population of Nepal. Kathmandu: Ratna Pustak Bhandar.
Krishna B. Bhattachan, "Ethnic Identity and Inequality in Nepal" (2008)
Lewis, Todd T., Popular Buddhist Texts from Nepal (2000)
Pignède, Bernard, The Gurungs: A Himalayan Population of Nepal (1966).

# बुद्धजयन्तीको मंगलमय शुभकामना !

२५७०औँ बुद्धजयन्तीको पावन अवसरमा देश बिदेशमा रहनु भएका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुस्वास्थ, सुख, शान्ति, उन्नति, प्रगति, समृद्धि एवं दीर्घायुको लागि हार्दिक मंगलमय शुभकामना !

भगवान गौतम बुद्धले संसारलाई शान्ति, अहिंसा, करूणा र मध्ये मार्गको अमुल्य शिक्षा दिनु भएको छ। वहाँको उपदेशहरू आजको अस्थिर द्वन्द्वपूर्ण विश्वमा पनि अझ बढि सान्दर्भिक र मार्गदर्शन बनेका छन्। हामी सबैले वहाँको शिक्षालाई आत्मसाथ गर्दै समाजिक सद्भाव सहिष्णुता र मानवताको भावना फैलाउन प्रतिबद्ध हुनु पर्छ।

यस अवसरमा Buddhism Digital Library (BDL) Inc, ले गर्दै आएको बौद्ध धर्म, दर्शनको अनुबादन, प्रकाशन, बितरण र संस्कृतिको संरक्षण तथा प्रबर्द्धनमा पुराउदै आएको ठोस योगदानको उच्च कदर गर्दै हार्दिक धन्यवाद ब्यक्त गर्दछु। यस्ता प्रयासहरूले नयाँ पुस्तामा प्रत्यक्ष अप्रत्यक्ष रूपमा ज्ञान र चेतनाको बिस्तार गर्न महन्वपूर्ण भूमिका निर्वाह गर्ने छन्। यसबाट प्रशस्त मात्रमा पुण्य प्राप्त गर्न सक्ने संभावना रहन्छ। यस्तो पुण्य कार्यमा मेरो तर्फबाट पूर्ण सहयोग र प्रतिबद्धता रहने कुरा ब्यक्त गर्न चाहन्छु।

बौद्धमार्गीहरूको लागि बुद्धजयन्ती बिशेष पर्व हो। संसार भरीका बौद्धमार्गीहरूले यसलाई बिभिन्नै तारिकाले मनाउने गर्दछन्। हामी पनि भब्य रूपमा मनाऔँ। २५७०औँ बुद्धजयन्तीको पावन अवसरले हामी सबैमा शान्ति, प्रेम, करूणा र सामाजिक सद्भाव कायम गर्न प्रेरणा प्रदान गरून् भन्ने कामना सहित हार्दिक शुभकामना !



**तोरण बहादुर गुरुङ**

**पूर्वअध्यक्ष, गुरूङ सोसाइटी अफ अमेरिका**

अध्यक्ष, आदिवासी जनजाति महासंघ, अमेरिका (FIPNA) एवं सामाजिक अभियन्ता